# प्रदेश सभा

## सुदूरपश्चिम प्रदेश

२०७६/०२/०७

चौथो अधिवेशन

(चौथो बैठक)

बाचन पत्र (रिडिङ्ग पेपर)

१. **माननीय सदस्यहरू,**

यस सभाको चौथो अधिवेशनको चौथो बैठकको कार्वाही प्रारम्भ हुन्छ ।

२. **माननीय सदस्यहरू,**

अब आर्थिक मामीला तथा योजना मन्त्री माननीय झपट बहादुर बोहराले मिति २०७६।२।२ गतेको सभाको बैठकमा सुदूरपश्चिम प्रदेशको आर्थिक कार्यविधि ऐनको दफा ९ र प्रदेश सभा नियमावली, २०७४ को नियम १३३ को उपनियम (२) बमोजिम प्रस्तुत गरेको आ.व.२०७६।०७७ को पुर्व बजेट छलफलका लागि तयारी दस्तावेज माथिको बाँकी छलफलको कार्वाही प्रारम्भ हुन्छ ।

सर्वप्रथम माननीय हर्क बहादुर कुँवर लाई समय दिन्छु ।

माननीय हर्क बहादुर कुँवर :- माननीय सभामुख महोदय, प्रदेश सभाको बैठक यो माननीय आर्थिक मामिला तथा योजना मन्त्री झपट बहादुर बोहराले प्रस्तुत गर्नु भएको २०७६।०७७ को वीनियोजन विधेयकको सिद्धान्त, उद्देश्य, प्राथमिकता र प्रमुख उद्देश्य माथि छलफलको क्रममा यस विधेयकले यो विधेयक धेरै नै राम्रो छ तर सकारात्मक मिसिमले अगाडि बढोस भन्ने म भन्न चाहान्छु र साथै यसमा केहि विधेयकका माथि छलफल गर्नुपर्ने भएकोले यो विधेयकमा पर्यटन सम्बन्धित जिल्लामा पर्यटनको शिक्षा तयार गर्ने विधेयकले यसले समेट्न सकेको छैन शिक्षा क्षेत्रमा आम सुधार गुणस्तरलाई प्रभावकारी ढंगले अगाडि बढाउनु पर्छ भन्ने मान्यताले अगाडि बढ्न सकेको अवस्था छैन यसलाई थप्नुपर्छ जस्तो लाग्छ । आर्थिक क्रान्ति अगाडि बढाउदा यसमा समाजवाद उन्मुख भनिएको छ हामी नारामा मात्र समाजवाद हौ कि व्यवहारमा हामीले समाजवाद उन्मुख कार्यक्रम अगाडि बढाउनु आवश्यकता मैले ठानेको छु । विगतमा पनि हामीले यो विधि अपनाउदा हामीले समाजवादलाई आधार मानेर अगाडि बढीरहेको अवस्था थियो तर कार्यान्वयन पक्षमा अलि खोकलोस्थिति भएको कारणले अब आउने दिनहरुमा यो विधेयकको मार्ग दर्शनले यसलाई अलि समाजवाद उन्मुख र व्यवहारमा ईच्छाशक्ति प्रणाली अगाडि बढावस भन्नेम यो विधेयकमा समेटियोस भन्ने चाहान्छु । औद्योगिक क्षेत्र हामीले औद्योगिक क्षेत्रका कुरा गरेका छौ औद्योगिक क्षेत्र कस्तो ठाउमा कुन कुन ठाउमा औद्योगिक क्षेत्र स्थापना गर्ने हामीले विगतमा पनि औद्योगिक क्षेत्रलाई अगाडि बढाउन खोजिरहेका थियौ तै पनि यो बर्ष भित्र हामीले औद्योगिक क्षेत्रको रेखान्तर पनि गर्न सकिराख्या छैनौ जस्तै हाम्रो ९ वटा जिल्लामा सम्भावित औद्योगिक क्षेत्र कहा कहा हुन यसले मार्गदर्शन प्रसस्त गरोस भन्ने म सभामुख समक्ष सम्बन्धित मन्त्रीज्यूको ध्यानाकर्षण गराउन चाहान्छु । महिला, दलित आत्मनिर्भर ग्यारेन्टि बनाउनुपर्छ हामीले जतिबेला पनि महिला र दलितका कुरा उठाईरहेको अवस्था छ जुन यो विधेयकले आत्मनिर्भरको ग्यारेन्टि के

हो दलितहरुलाई अहिले पनि हामीले कुन क्षेत्रमा आत्मनिर्भर बनाउन सक्छु उहाहरुकालागि खाका निश्चित ग्यारेन्टि हुनुपर्छ किन भन्दा हाम्रो प्रदेशमा यो प्रदेश सुदूरपश्चिम प्रदेशमा अहिले पनि दलित गरिबका रेखामुनि छन् सबै माननीयलाई सभामुख महोदय मार्फत सम्बन्धित निकायलाई म ध्यानाकर्षण गराउन चाहान्छु । दलितहरु अहिले पनि लालपूर्जा विहिन छन् । जसले घरबासको पनि लालपूर्जा पेश गर्नुपर्ने भएको अवस्थाले यो पहिला दलितहरुका लागि यो विधेयक मार्फत यो गरिब, दलितका लागि लालपूर्जाको व्यवस्थाको उल्लेखित गरियोस भन्ने म भन्न चाहान्छु र ध्यानाकर्षण गराउन चाहान्छु । महिलाहरुलाई हामी महिलाको जति जेसुकै कुरा गरेता पनि महिलाहरुलाई हामी आत्मनिर्भरको यो विधेयकले समेटोस आउदो बजेटमा पनि नीति तथा कार्यक्रममा महिलालाई स्वाभिमानी, आत्मनिर्भर बन्ने खालको ग्यारेन्टि होस भन्ने म यो यसबाट सभामुख मार्फत म अगाडि बढाउन चाहान्छु । विभिन्न क्षेत्रमा उत्खननको व्यवस्था यसमा समेटिएको छैन । हामीले हाम्रो प्रदेशमा बैतडि, दार्चुला, अछाम, बाजुरा जस्ता विभिन्न उत्खननका क्षेत्रमा अछाम जिल्लाको खप्तड भन्ने वाडामा जाहा १२ नं. वडामा विगतमा पनि संघले उत्खननको व्यवस्था त्यहा .... को व्यवस्था निकालेको थियो । त्यसलाई अहिले रोक लगाईएको छ त्यसलाई अहिले उत्खननको व्यवस्था गरि यो प्रदेशको त्यस्ता जुनसुकै पहाडि जिल्लामा पनि उत्खननको व्यवस्था होस र त्यसबाट आउने ईन्कमलाई यो राज्यकोषको व्यवस्थामा समेटियोस भन्ने यो अर्थनीतिमा समावेश गरिनुपर्छ भन्ने मेरो मान्यता हो सभामुख महोदय म सम्बन्धित निकायको ध्यानाकर्षण गर्न चाहान्छु । विभिन्न योजनाको मापदण्ड हामी योजनाका कुरा गयौ हाम्रा मिठा मिठा कुराहरु धेरै गरिसकेका छौ हामीले तै पनि योजनाको मापदण्ड अहिलेसम्म तोकि रहेको अवस्था छैन हामीले विगतमा पनि यो चर्चाको विषय बन्यो झ्यालबाट आउने कुरा, डल्लोको कुरा उठ्यो अहिले चाहि यस्तो नभएर सम्बन्धित यो खाका यो अर्थनीतिले यो मार्गदर्शन दियोस र विभिन्न क्षेत्रलाई समेटेर पहाडि, तराई, हिमाली जिल्ला हाम्रो जस्तो प्रदेशमा निश्चित रुपमा मापदण्ड तोकेर विभिन्न क्षेत्र अथवा स्वायल टेष्ट गरेर कृषिको माध्यमबाट आत्मनिर्भर बनौ र यो यो खाकाले अगाडि बढोस भन्ने म यसमा समेटियो भन्ने माग गर्न चाहान्छु । प्रदेश गौरवका योजनाहरु हामीले विगतमा पनि गौरवका योजना बनायौ के के हुन त प्राथमिकतामा के पर्छन गौरवका योजनाहरु सडक पर्छ, खानेपानि पर्छन की, विद्युत पर्छ हामीले यो मापदण्ड तयार बनाउनु पर्छ यो विधेयकले बोल्न सक्नुपर्छ तब मात्र हाम्रो मार्ग प्रसस्त खुल्ला गर्नुपर्छ त्यसैले हामी अगाडि बढ्नु पर्छ हामीले विगतमा बोलेका थियौ धेरै खुटियाबाट हामीले डोटी अथवा विभिन्न ठाउमा गौरवका योजना हामीले बोलेका छौ त्यस्तालाई प्रदेशको गौरवको योजना चिसापानि देखि अछामको मालिका सम्म जोड्ने यस्तो महत्वपूर्ण योजनालाई हामी किन नसमेट्ने हामीले यस्ता योजनाहरुलाई पनि यो मार्गदर्शनमा अगाडि बढाउन जरुरी छ र त्यसमा सम्बन्धित निकायको ध्यान जावस सभामुख मार्फत सभामुख महोदय अब हामीले मैले अहिले केहि कुराहरु पत्रपत्रिकामा सुने हाम्रो अर्थ विकास समितिको बैठक हामीले ४-५ पटक बस्यौ विभिन्न किसिमले म यो सम्मानीत सदनलाई आग्रह गर्न चाहान्छु माननीय सांसदहरु माथि, विधाइका माथि मन्त्रीज्यूहरुले कस्तो कुरा उठाइरहेका छन् त्यस माथि मेरो घोर आपत्ति छ म त्यसमा आपत्ति प्रकट गर्न चाहान्छु । सीसाको महलमा बसेर सडकमा हिडिरहेका मान्छेलाई ढुंगा हान्नु कत्तिको उचित हुन्छ र त्यसको परिणाम भोली कस्तो किसिमले परिणाम देला भन्ने म यहा सभामुख मार्फत जानकारी गराउदै म मेरो भनाईलाई यहि अन्त गर्दै विदा हुन्छु हवस त धन्यवाद ।

माननीय भरत बहादुर खड्का :- सभामुख महोदय हामी २०७६।०७७ को आर्थिक बर्षको बजेटको शिलशिलामा हामी छलफल गर्दैछौ । सर्वप्रथम त देशको अर्थतन्त्रको अवस्थालाई राम्रो सँग समिक्षा विश्लेषण गर्नु जरुरी हुन्छ । बजेट बनाउदा खेरि हाम्रो स्टाटस के छ त आर्थिक अवस्था र त्यसको आधारमा बसेर बजेटलाई व्यवस्थापन गर्दा त्यसबाट हामी केहि प्रतिफल लिन सक्छौ । र मेरो पहिलो सुझाव भनेको हाम्रो आर्थिक स्टाटसलाई अध्ययन गर्नु जरुरी छ अहिले बडा डरलाग्दो अवस्थामा छ मुलुक करिब करिब १० महिनामा १० खरब रुपैया व्यापार घाटा छ आषाढमा पुग्दा १४ खरब बराबरको हाम्रो संघीय बजेट बन्दै छ र १४ खरब व्यापार घाटा छ जसले भोली देशको भविष्य कतातिर जान्छ र आर्थिक अनुशासन हामीले कायम गर्न सकेनौ संघ, प्रदेश र स्थानीय सरकारहरुले समन्वय गरेर बजेटलाई उत्पादनक क्षेत्रतिर हामीले लग्न सकेनौ त्यो किसिमको व्यवस्थापन गर्न सकेनौ र उत्पादन बढाउन सकेनौ, आपूर्ति सहज गर्न सकेनौ र मागलाई सहि ढंगले व्यवस्थापन गर्न सकेनौ बजारलाई नियमन गर्न सकेनौ भने यसले भोली दुरगामी ठुलो असर समाजमा पर्छ र नेपाली जनताले थेग्न सक्छन् कि सक्दैनन यो विषयमा अलि गम्भिर भएर जानुपर्छ जस्तो मलाई लाग्छ । र विगतका बजेटहरुको समिक्षा गर्नु जरुरी छ । अब मैले हेरिसकेको छु बडा सालिन तरिकाले यो प्रदेश सांसद सभामुख महोदय हाम्रो एउटै गन्तव्य, एउटै उद्देश्य भएको हुनाले हामीले सरकारलाई सहयोग गरिराखेकै छौ । यहा सत्तापक्ष र प्रतिपक्ष जस्तो छैन अब सरकारले के बुझ्नुपर्यो सरकारमा बसेका मन्त्रीज्यूहरुले, मुख्यमन्त्रीज्यूले के बुझ्नु पर्यो भने यहि क्रियाकलाप हो भने सिंगो सदन प्रतिपक्षमा आईसकेको छ यो समिक्षा गर्नु जरुरी छ यि त कांग्रेस हुन, प्रतिपक्ष हुन विरोध गर्छन आज विरोध गरेको छैन सत्तापक्षका साथिहरुले म उहाहरुलाई हार्दिक धन्यवाद दिन चाहान्छु सहमत छु बहुत जेनियुन कुरा यो प्रदेशको आर्थिक विकास र सरकारलाई सहि बाटो र मार्ग निर्देशन दिने कुराहरुमा आफ्ना अनुभवहरुलाई सहि ढंगले यो रोष्टममा राख्नुभएको छ म स्वागत पनि गर्न चाहान्छु र आज यो क्षेत्रमा कृषि, पर्यटन र जलस्रोतको व्यापक सम्भावना छ हामी यसलाई आधार बनाएर योजना बनाऔ खाली यो मुखले भनेर अगाडि बढ्दैनौ यो क्षेत्रमा हामी जिनियुन योजनाहरु बनाऔ जसले हामीलाई अल्पकालिन र दिर्घकालिन खालका बनाऔ जसले हामीलाई प्रतिफल दिन सकोस यो बर्षमा पर्यटनमा यो गरिऔ कृषिमा यो गर्यौ, जलस्रोतमा हामीले यति उपलब्धी ल्यायौ भन्ने खालले हामी जानुपर्छ यो क्षेत्रलाई विस्तार गर्नु जरुरी छ र अर्को कुरा यहा समाजवादको धेरै कुरा उठ्यो अहिले डिभेड गर्ने फुर्सद छैन र यो समय छैन यो नेपालको संविधानमा समाजवाद उन्मुख भनेर हामीले लेखेका छौ एउटा कुरा बुझ्नु जरुरी छ लोकतान्त्रिक संविधानमा लोकतान्त्रिक समाजवाद हो र प्रतिस्पर्धात्मक समाजवाद हो जसरी नेचुरल्ली गाइले बाच्छी वा बाच्छो दिन्छ, भैसीले पाडो दिन्छ त्यस्तै लोकतान्त्रिक संविधानले लोकतान्त्रिक प्रतिप्रधात्मक समाजवाद उन्मुख सिद्धान्तलाई यले प्रतिवादन गरेको छ यो बुझ्नु जरुरीछ जसले उत्पादन, न्याय, वितरणका कुराहरुलाई सन्तुलित ढंगले अगाडि बढाउछ यो विषय छलफल पनि गरौ त्यसैले लोकतान्त्रिक प्रतिस्पर्धात्मक समाजवाद उन्मुख हो भन्ने कुरालाई हामीले बुझ्नु जरुरी छ । अब जहा सम्म यहा सन्तुलित विकासको कुरा उठेको छ मैले सन्तुलित विकास पाएको छैन हामी भाषाण र आदर्शका कुरामा धेरै ठुलठुला कुरा गर्छौ यहा जहिको पहुच छ त्यहि विकासका पैसा छन् जसको पहुच छैन त्यहा कहि योजना गएका छैनन किन भन्दा हामीले हेरि राछौ अहिले २० गते पनि बजेट गाको छ आषाढ लागन्जेल सम्म बजेट गइरहनेछ अब त्यो बजेटको हैसियत के होला ? त्यो बाट कति प्रतिफल आउला ? मैले

बारम्बार हामीले आग्रह गर्यौ । यो सदनले अनुमोदन गरेको बजेटलाई तपाईहरु आफुखुशी खर्च नगर्नुहोस एक न एक दिन त्यसले तपाइलाई पनि समात्छ त्यस्तो अनैतिक काम विधि र पद्धती भन्दा बाहिर हामी नजाऔ सभामुख महोदय सभामुख महोदयको अनुमतिले दुईचार मिनेट यसो समय दिइयौ भने मलाई अलि सहज हुन्थ्यो मेरो आग्रह छ । त्यसैले मेरो भनेको के हो भने विधि र पद्धतीको आधारमा हामी अगाडि बढाऔ त्यसैले आषाढको महिना पनि बजेट हामी दिदैछौ त्यो बजेट पनि आफुखुशी बाड्दै छौ त्यसो भएको यहा अर्थमन्त्रीज्यू हुनुहुन्न उहा मन्त्रीज्यू हुनुहुन्छ दुइवटा कुरा सुझाव दिन्छु किन यहा गर्नुपर्यो यो बजेट यदि गर्ने पर्नेहो भने दुइवटा कुरा ल्याउनुपर्यो एउटा डल्लो बजेट पास गर्ने, एउटा आफु खुशी पास गर्ने भन्ने पास गराऔ अनि हामी किन चाहियो पास गरिदिन्छौ एउटा डल्लो बजेट पास गरौ र डल्लो बजेटलाई आफु खुशि हामी चाहि योजना र विनियोजन गर्नेछौ भन्ने पास गरिदियौ गर्नुहोस त्यसको प्रतिफलको जिम्मेवारी तपाइहरु भोग्नुहोस किन सदनमा बजेट पेश हुन्छ ? किन सदनले बजेट अनुमोदन गर्छ अनि तपाइहरु विधि, नीति, कानून भन्दा माथि भएर रेडबुकमा भएका पनि काट्न पाइन्छ यो त सदासहि छ अहिले सम्म त यति ज्यादा गयो भने हामीलाई बाध्य नबनाइदिनुहोला हामीले पनि रुप फेर्नुपर्छ । संख्या कतिछ भन्ने कुरा होइन विधि प्रधान हुन्छ । कानून प्रधान हुन्छ, व्यक्ति प्रदान हुदैन त्यसैले हामीलाई पनि धकल्दै धकल्दै कर्नरमा गयो र विधि र पद्धती सँग हामी सम्झौता गर्दैनौ यहा कुनै सांसद गर्दैन त्यसो भएको हुनाले अझै पनि हाम्रो अनुरोध छ मैले सुने र अहिले योजनाहरु त १, २ गते आज र भोली सम्म भएन भने योजना नपाइने भन्या छन् कुनै सांसदलाई जानकारी छैन न सत्तापक्षकालाई छ न प्रतिपक्षकालाई अब ति योजना एउटा सुशासन विधेयक पास गर्यौ योजना बैंक बनायौ, संसदबाट पनि लिने भन्यौ अरु संसदलाई बन्द गरियो भने त्यो योजना बैंकको बास्केटमा कहाबाट आउने हो अनि आफुखुशी चल्छ त्यसरी चिटिङ गर्न पाइन्छ त्यसैले संसदहरुलाई ईज्जत दिनुपर्यो, कन्फिडेन्टमा ल्याउनुपर्यो सरकारले सबैलाई ईज्जत र कन्फिडेन्समा ल्यायो भने सरकार सफल हुन्छ यो त तपाइहामीहरुको ताकत हो तपाइहरुले हैसियत राख्नुपर्छ त्यो किसिमको चाइने कोडिनेशन गर्न सक्नुपर्छ, सहजीकरण गर्न सक्नुपर्छ सदनका सांसदहरुलाई सिंगो सांसदलाई अपमान गरेर, निराश तुल्याएर सरकार सफल हुन्छ । सभामुख महोदय म अन्तमा के भन्न चाहान्छु भन्दा खेरि आर्थिक अराजकता ज्यादै बढेको छ यो सबैको लागि चिन्ताको विषय हो । उपभोक्ता समितिमा अराजकता छ आर्थिक अराजकता बढेको छ यसले सिंगो नेपाललाई असर पारेको छ यसले दुर्गामी नराम्रो असर पार्दैछ यो समयमा हामीले कन्ट्रोल गर्न सकेनौ यो अविसाप हुन सक्छ अझ पनि म अनुरोध गर्न चाहान्छु कि सरकारले सहिसुण भएर कल्चर ढङ्गले सिंगो संसदलाई सम्मान गरेर सबै माननीय सांसदहरुलाई सम्मान गरेर कन्फिडेन्ट लिएर अगाडि बढ्नुहोस हाम्रो जहिले पनि साथ रहन्छ रचनात्मक कुरामा धन्यवाद ।

माननीय चुन कुमारी चौधरी :- माननीय सभामुख महोदय, सुदूरपश्चिम प्रदेश हामी ०७६।०७७ को बजेट पूर्व बजेटलाई हामी छलफल गरिरहेका छौ । हामीहरु सँग सुदूरपश्चिमका विभिन्न गौरवका योजनाहरु फ्रिज हुने अवस्था देखिएकोमा सुदूरपश्चिम प्रदेश सरकारले अब यसको बारेमा हाम्रो गौरवको योजनाहरु, हाम्रो सुदूरपश्चिमका थुप्रै खेलाडी हुनुहुन्छ यहि धनगढीमा राजधानी जोडिएको हाम्रो गौरवको एउटा योजना क्रिकेट मैदान थाप्ला क्रिकेट मैदानको लाग्छ त्यो कहिले सम्म काम शुरुवाद हुन्छ त्यसको पनि सम्भावना एकदमै कमै देखिराखेको छ । यस्ता योजनामा यदि हामी सुदूरपश्चिम प्रदेश सरकारले ध्यानाकर्षण भएपछि हामी राम्रो मैदान बनाइसकेपछि यदि

हाम्रो सुदूरपश्चिमको काम गरेको सुदूरपश्चिम सरकारको एउटा राम्रो नतिजा देखिनेछ एउटा क्रिकेट खेलमैदानको दोस्रो कुरा सुदूरपश्चिममा २ वटा जिल्लामा कैलाली, कंचनपुरमा हाम्रा थारुहरुको बस्ती थारुहरुको ऐतिहासिक पहिले देखि कैलाली, कंचनपुरमा विभिन्न रोगका बावजुत पनि उहाहरु बसेर इतिहास एउटा सुदूरपश्चिम कैलाली, कंचनपुरलाई जोगाउनुभयो तर थारुहरुको अहिलेको अवस्था दिन दिनै विमारी, सिकल्सेल एनिमियाको विमारी लागेर थुप्रै मान्छेको ज्यान गुमेको र उहाहरु उपचार नपाएर छटपटायर घुमिराखेको अवस्था छ आदणीय सभामुख महोदय, यसका बारेमा हामी गतसाल पनि पैसा छुट्यायौ तर त्यो पैसा कता जान्छ सेमिनार गोष्ठिमा एकदिनमा छलफल गरेर त्यो पैसा सकिदो रहेछ । मैले त्यतिबेला भनेको थिए हामी सँग सुदूरपश्चिम सरकारको स्थानीय तह, संघीय सरकार र स्थानीय सरकार छ एउटा वडागत सिकलसेल एनिमियाको उपचार सुरुवाद गर्ने उहाहरु सँग उपचार पनि त्यहि वडा अर्न्तगतको उपचार गरेर उहाहरुले पाउने सुविधाहरु जो एकलाख रुपैया सरकारले तोकेको छ त्यो एकलाख रुपैयाले केहि पनि हुनेवाला छैन अस्थि नगरपालिका जादा छटपटाइरहेका जनताहरु नगरपालिकामा जानुहुन्छ थारुलाई मात्र लाग्ने रोग कस्तो रोग हो गरे खिल्ली उडाउने चलन छ यदि थारु बाहेकको अन्य थारुलाई लागेको भए अहिले सम्म विभिन्न आन्दोलन हुन्थ्यो हेर्नुहोस त्यसैले अब यो सरकारलाई तिब्र रुपमा घोषणा गर्न यो विरोध जनाए तपाइ के गर्दै हुनुहुन्छ पहिलाको बजेट पनि दुईचार ठाउ कैलाली, कंचनपुरमा भाषण गर्नुभयो सक्यो एउटा कार्यक्रममा म पनि गाकोथिए अहिलेको गतसालको योजना खोई त अहिले सम्म मेशिन छैन रे उपचार गर्ने ठाउँ पनि छैन रे म अस्थि मात्रै गोदावरी नगरपालिकामा यस्तो लाइन गरेको थारुहरुको अवस्था थियो उहासँग सुख्खापन ब्लडहरु एकदमै कम हुने उहाले पठाउनु हुन्छ सेती हस्पीटलमा जाउ सेती अस्पतालमा आउदा तपाइहरुको उपचारको मेशिनहरु छैन रे अनि उहाहरु कहा जानुहुन्छ । भन्नुस त काठमाण्डौ जादा उहाहरु पैसा कोले दिन्छ त्यस्तो अवस्था भएको कारणले सरकारले विशेष गरेर दुईवटा जिल्लामा थारु छन् यसको लागि मेशिन तुरुन्तै खरिद गरेर उहाहरुको उपचार वडा अर्न्तगत उहाहरुको पाउने सुविधा पनि पैसाहरु जो एक लाख दिन्छ एक लाखले हुनेवाला केहि छैन यसका लागि वडा अर्न्तगत उहाहरुको सुविधा होस र उहाहरुको उपचार पनि उहाले पाउने सेवा सुविधा पनि वडा अर्न्तगत हुनुपर्छ किन की सोभ्का थारुहरु यहा धनगढी देखि काठमाण्डौ सम्म जाने क्षमता छैन त्यसैले सबैको एउटा जसो क्षमता हुदैन त्यसैले मैले यहा एकदमै सुदूरपश्चिम सरकारलाई ध्यानाकर्षण गराए अर्को हाम्रो खुटिया ट्रक बाटो स्याउले र हाम्रो पिपलचौतारा देखि साहेद हामी सँग ६० लाख रुपैया होला त्यो पनि फ्रिज गइराछ मैले हेर्दा त्यो भित्र धेरै अल्भ्फीएको अवस्था छ रे हामी सँग यहि राजधानी छ, यहि प्रदेश भवन सांसद भवन यहि जोडिएको छ हाम्रा आम जनताले कति धुलोधुवाले सास्ती भोगी राख्नुभाछ । त्यहि पनि हामी अहिले खेलवाडमा हेरिरहेको अवस्था छ यसलाई पनि सुदूरपश्चिम सरकारलाई एकदमै हृदय देखि मनन गरेर अगाडि बढाउनुपर्छ त्यो बाटोलाई तिब्र रुपमा छिटो भन्दा छिटो कालोपत्रे सुरुवाद गर्नुपर्छ, एउटा सिक्सलेनको बैकल्पिक बाटो, अर्को हामी अर्को बजेट छ यो योजना विभिन्न पहाड देखि तराईसम्मका पहाडमा बाटोको पैसा बढी लाग्छ कैलालीमा कम लाग्छ तर हामी कति फिटे बाटो लिने त तराईको पैसा एकैनास चाहि गइरहेको देखिन्छ त्यसैले पहाडमा कति लाग्ने, तराईमा कति लाग्ने त्यसको चाहि मापदण्ड बनाएर अनि अगाडि बढ्नु पर्छ सुदूरपश्चिम सरकार आउने बजेटमा अर्को चाहि पानिको पनि त्यहि छ खानेपानिको तराईमा बढी लाग्छ खानेबारीमा पहाडमा कम लाग्छ तर योजनाको बारेमा पनि त्यो सबै ईन्जिनियर र ठेकेदार सँग बसेर यसलाई चाहि अगाडि

बढाउनु पर्छ तर छलफल वृहत रुपमा छलफल गरेर पनि हामीहरुको योजना एक बर्ष हामी सुदूरपश्चिम डेढ बर्ष गयो तर यो कुल कुलेसा, विभिन्न बाटो छ अहिले टेण्डर हुदै हाम्रो कार्यकाल सम्म ठेकेदारले थप्दै जादा ठेकेदार र ईन्जिनियरले थप्दै हाम्रो कार्यकाल पछि सडक कालोपत्रे हुने, खानेपानि योजना बन्ने, विल्डिङ बन्ने त्यो बनेर सम्भव भएन अब मात्रै ईन्जिनियर सम्बन्धि डिभिजन ईन्जिनियहरु, प्रमुख सँग विशेष गरेर ठेकेदार सँग बसेर एक बर्ष भित्रै काम गर्नुपर्छ भनेर हामी एउटा मापदण्ड बनाएर मात्रै अगाडि बढाउनुपर्छ हवस यति भन्दै र यो महिलाको महिलाहरुको कार्यक्रम हाम्रो सुदूरपश्चिम सरकारले हामी एउटा द्वारिका देवी ठकुरानीको एउटा सिंगै सुदुरपश्चिम पूर्व माननीय मन्त्री हुनुहुन्थ्यो ईतिहासिक त्यो मार्फत बजेट बनाइयो खोइ त महिलाहरुको नाममा यो अरुले लिएर यो देशमा त्यहि भएर पूँजी दलालवाद भन्ने रहेछन् साच्चिकै भन्दा लाग्यो हामी माननीय हुदा १८ जना माननीय हुदा खोइत्यो बजेट हामीहरुको अनुहार पनि हेर्न पाएन त्यसैले मैले त यसमा एकदमै मेरो चाहि असहमत छ अर्को माननीयहरुको जो हेराई रेङकिङ समानुपातिक र प्रत्यक्ष यदि ५३ बाहेक आउने बजेटमा दाया बाया गर्यो भने त्यो खबरदारी छ हामी यो सदनबाट के निर्णय गर्नुपर्छ त्यतिबेला भनौला यति भन्दै ।

माननीय कुमारी नन्दा बम :- सभामुख महोदय, आज दुईदिन अगाडि देखि आर्थिक बर्ष ०७६।०७७ को पूर्व सन्ध्यामा सिद्धान्त, उद्देश्य, प्राथमिकता र नीतिको विषयमा यस गरिमामय सभामा छलफल भईरहेको छ । हामीले यो छलफल गर्दै गर्दा हामीलाई सम्झना छ गत बर्ष पनि हामीले यस्तै गरेर नीति तथा कार्यक्रमहरुमा छलफल गरेका थियौ । म यस कारण भन्न चाहान्छु यो छलफल भन्दा अगाडि हामीले गत बर्षको समिक्षा गर्नुपर्दथ्यो हामी समिक्षा गर्न विर्सन्छौ र परम्परागत सैलीमा नीति तथा कार्यक्रम ल्याउछौ । उद्देश्य जुन नीति हो जुन उद्देश्य हो यसलाई अहिले जुन हाम्रो छलफल भइरहेको छ त्यसै क्रममा बुदा नं.२ मा भनिएको छ विभेद र उत्पीडनको अन्त्य गर्ने भनिएको छ मैले यो विभेद भन्ने शब्द साहेद नबुझेर पनि होला यो के रहेछ विभेद यहि सरकारले भन्छ विभेद र उत्पीडनलाई अन्त्य गर्छु भनेर यहि सरकारले विभेदकारी निर्णय ल्याउछ भन्न खोजिएको गत बर्षको बजेटमा क्षेत्र विकास पूर्वाधारमा विभेदकारी निर्णय कसले गर्यो पेपरमा आएका थिए आदर्शका कुरा जस्तै कार्यान्वयनमा कहिले हुनेहुन । यदी मात्रै होइन विधि प्रक्रिया अपनाइयो विधिको निर्माण गरियो त्यसमा समानुपातिक सांसदहरुलाई पाखा लगाईयो यदि समानुपातिक सांसद फरक ढंगबाट आएको हो भनेदेखिन यसमा यो नीतिमा आउनुपर्छ यि फरक ढंगबाट आएका हुन अनि ख श्रेणीका हुन भनेर यस्तै गरेर गत बर्षको नीति तथा कार्यक्रममा थुप्रै कृषि कार्यक्रमहरु थिए यस मध्येबाट कृषि कल सेन्टर कार्यक्रम पनि हामीले सुन्न पाएका थियौ खै कहा गयो आज कृषि कल सेन्टर कार्यक्रम र थुप्रै कार्यक्रमहरु आलु, पिडालु, कोदो, भटमास जस्तै पनि कार्यक्रम थिए त्यहा कतिपय साथिहरुले पनि उठाउनु भएको थियो । आज त्यो मकै, कोदो, भटमासको खेती प्रदेशले कहा गर्दै छ आकाशमा गर्दैछ कि पत्तालमा गर्दै छ हामीलाई कृषि कल सेन्टरको नम्बर प्राप्त गरिदिनुहोस कृपया हामी हेर्न नपाए पनि कृषि कल सेन्टरमा कल गरेर के भैराछ भनेर सोध्न पाउने अधिकार सम्म त हाम्रो हुन सक्छ । यस्तै गरेर हलो सि.एम. कार्यक्रम पनि नीति तथा कार्यक्रममा थियो । कहा सुतिराछ त्यो हलो सि.एम. कार्यक्रम आज अत्तो छैन पत्तो छैन त्यसको हामीले समिक्षा गर्ने कि नगर्ने यस्तै कार्यक्रमहरुमा थुप्रै कार्यक्रमहरु थिए समय कम छ सबै कुराहरु यहा भन्न सकिदैन यि कार्यक्रमहरु हामीले

समिक्षा गर्नुपर्दछ । त्यस पछि हामी नयाँ कार्यक्रममा जानुपर्दछ । भनिएको थियो नेपालका युवाहरु भारतमा गएर गल्ली गल्लीमा तडपिरहेका छन् उहाहरुलाई हामी नेपाल फर्काउछौ भनेर आजको मिति सम्म कति युवाहरु नेपालमा फर्काइएका छन् यो सदनमा जानकारी दिनुहोस म यो सरकारलाई अनुरोध गर्न चाहान्छु । बरु जुन डेटमा भन्नु भयो त्यो डेट देखि कति गएका छन् भन्ने रिपोर्ट यहा छ तर फर्काइएको रिपोर्ट यहा छैन यति मात्रै होइन युवाहरुलाई विदेशबाट फर्काउने नीति ल्याउने भनेर नीति तथा कार्यक्रममा थियो गत बर्षको र यहा सुनिनलाछ प्रदेश सरकारले यस्ता ट्रेनिङ दिदै छ कि विदेश पठाउने भनेर हामी यहा भन्दै छौ पेपरमा विदेशका युवा फर्काउने भनेर सुदूरपश्चिम सरकारले ट्रेनिङ दिएर विदेश पठाउने भन्दै छ यो के हो यसको जानकारी अलिकति पाउन पायो भने म पनि अलि धन्य हुनेथिए र सुदूरपश्चिमका जनता पनि धन्य हुनेथिए । आज बाहिर धेरै चर्चामा आइरहेको छ सुदूरपश्चिम सरकारको साटो कमिसन प्रदेश राखेको भए अझ राम्रो हुन्थ्यो भनेर अस्थि भर्खर मात्रै डिभोटी होटेलमा स्थानीय सरकारका प्रमुखहरुको थुप्रै जमात थियो त्यहा थुप्रै बहस भएको थियो यसलाई त सुदूरपश्चिम प्रदेश भन्नु भन्दा कमिसन प्रदेश राख्दा राम्रो हुन्छ भनेर यतै कमिसन, उतै कमिसन, अगाडि कमिसन, पछाडि कमिसन गर्न खोजिएको के हो र सुनिन्छ यति कमिशन भयो भने हामी एग्रीमेन्ट गर्छौ नत्र हामी गर्दैनौ आज गाउँ गाउँमा उपभोक्ता समितिका कुरा आइराछन् एउटै योजनामा चार चार वटा उपभोक्ता समिति गठन भएका छन् के को लागि त्यो बार्गेनिङ गर्नको लागि कुन समितिले कति दिन्छ भनेर आज यि कुराहरु आइरहेका छन् थुप्रै हाम्रा साथिहरुलाई पनि तपाई चुप्प लाग्नुहोस तपाईलाई चार लाख दिइन्छ कृपया चुप्प लाग्नुस तपाइलाई पाच लाख दिइन्छ भन्ने कुराहरु बाहिर व्यापक आइरहेका छन् । यसलाई सुदूरपश्चिम सरकारले रोक्ने कि नरोक्ने ? यो सुदूरपश्चिम सरकारको जिम्मा हो कि होइन होइन भनेपछि सबै भकाभक कमिसन यसपालिका योजनाहरु पनि कमिसन हुदै योजनाहरु माग गर्दै भए त भैहाल्थ्यो नि किन नै गर्नुपर्यो र अनि यति भन्दै गर्दा जुन योजनाका कुराहरु आएका छन् सुनिनमा आएको छ आज लास्ट डेट हो भनेर कहा थियो त्यो सूचना यो गरिमामय सदनका माननीय सदस्यज्यूहरुलाई कसैलाई पनि थाहा छैन भन्नु हुन्छ यो कसलाई थाहा छ, यो कसले चलाइराछ सुदूरपश्चिम सरकार यसको रिमोट कसको हातमा छ यो सबै कुरा यो सदनमा जानकारी दिन म सरकारलाई अनुरोध गर्दछु । र गत बर्षको जस्तै ढोकाबाट योजना नआएर जुन झ्यालबाट योजना आउछन् ती झ्यालबाट आउने योजना रोक्ने प्रक्रिया हो कि चाहि त अर्को झ्यालबाट छिराउने प्रक्रिया हो आज अन्तिम दिन भनेको यो कुरा बुझ्न पाइएन यसलाई पनि स्पष्ट पारिदिन हुन म यहा सुदूरपश्चिम सरकारलाई सभामुखज्यूको अनुमतिबाट स्पष्ट जवाफ दिन हुन अनुरोध गर्दछु भन्दै दुई शब्द यहि समापन गर्छु धन्यावद ।

माननीय कुन्ती जोशी :- माननीय सभामुख महोदय सुदूरपश्चिम प्रदेशको चौथो अधिवेशनको पूर्व सन्ध्यामा छौ जहा हामी बजेट विनियोजन अर्थात बजेटको एउटा खाका तयार गर्दै गइराखेका छौ । सरकारले त्यो खाका प्रस्तुत गर्दै छ । विशेष गरि अर्थ मन्त्रालयबाट अर्थमन्त्रीज्यूले बजेटको विनियोजन विधेयक, सिद्धान्त, उद्देश्य, प्राथमिकता र प्रमुख नीतिहरुको विषयमा चाहि छलफलका निमित्त गरिमामय सदनमा प्रस्तुत गर्नुभएको छ । हामी विशेष गरि यहि विषयमा छलफल गर्न गइराखेका छौ । र मलाई लाग्छ सरसरती हेर्दाखेरि चाहि यो विधेयक समग्रमा राम्रो छ र १ नं.मै मैले एउटा सुझाव दिन चाहान्छु कि महान सहिद भिमदत्त पन्त लगायत सहिदहरुको साहदतबाट

भनेर लेख्दा खेरि सबैलाई समेटिन्थ्यो कि यो मेरो सुझाव रहने कुरा भयो । त्यसै गरि सबै विषयबस्तुहरु ३ नं., ५ नं. देखि लिएर धेरै राम्रो कुराहरु लेखिएको छ जहा सुदूरपश्चिमका निमित्त एउटा मार्गदर्शन बन्नको निमित्त एउटा त्यो खालको देखिएको छ सबै कुराहरु राम्रा छन् हेर्दा खेरि सरसरती नीति, उद्देश्य सबै विषयमा राम्रो हुदाहुदै पनि हामीले सुझाव दिनुपर्ने हुन्छ र हामी यसो भन्दै गर्दा अन्तत विषय कार्यान्वयनमा जान्छ यो भन्दा अगाडिका बजेट पनि हामी कार्यान्वयनका चर्चा गरिराखेका छौ र कार्यान्ववयन नहुदा खेरि यो सदनलाई मात्र घाटा होइन, सरकारलाई मात्र घाटा होइन समग्र सुदूरपश्चिमको जनतालाई घाटा हुन्छ । यसका निमित्त कहा कुन तरिकाले चाहि कसलाई के भन्नु पर्नेहो सरकारको ध्यान जावस यहि सुझाव दिन चाहान्छु र विशेष गरि योजना कार्यान्वयन नहुनुको कारण मलाई लाग्दछ यि जो कमिसन काम नगर्ने र काम नगर्ने ठेकेदारी प्रकारका कम्पनीहरु छन् ती कम्पनीलाई काम दिदा खेरि चाहि समग्र योजनाहरु अडकिएका छन् जस्तो मलाई लाग्दछ एकातिर उपभोक्ता समितिले त गल्ती गर्यो सदियौ बर्ष देखि हामीले देखेका छौ सुदूरपश्चिमका थुप्रै योजनाहरु विशेष गरि विकासका योजनाहरु, सडकका योजनाहरु पचासौ बर्ष अगाडि देखि त्यो खालको सुरुवाद भएका योजनाहरु चिसापानी देखि अछाम पुग्ने सडक कहा गयो, त्यो धुलाम्मे तिनिहरुलाई प्रश्न छ यहा पनि छ त्यसैले गर्दा खेरि सुदूरपश्चिमका बुडर देखि जोगबुडा सडक हामी जन्मनु भन्दा अगाडि चाहि काटिएका सडकहरु हुन यता सहजपुर देखि माथि बड्डीकेदार सम्मका सडकहरु कहा गएका छन् यिनिहरुलाई कार्यान्वयनमा मुख्यतह सुझाव दिन सरकारलाई के खोजेको हो भने मुख्यतया कार्यान्वयनमा समस्या भएको छ यसका निमित्त हामीले के गर्नुपर्ने हो चाहे हामी संसदहरुले त्यो ठाउमा गएर सबैलाई त्यो खालको चाहि ल हामीले गर्न सक्छौ भनेर हामीले जानुपर्ने हो भने पनि हामी जान तयार छौ र सरकारले भनेर हुन्छ त्यो पनि तयार हुनुपर्दछ र सम्बन्धित निकायका चाहि जो कर्मचारी खटाइएका छन् त्यहा सरकारको ध्यान जावस भन्ने सुझाव दिन चाहान्छु किन भने यो गतिले गयो भनेपछि अलिकति हामीलाई नै असहज हुन्छ । हामीलाई अप्ठ्यारो हुन्छ भोलीका दिनमा अझै पनि हामी सायद यो तेस्रो बजेट हो एउटा पूर्व सन्ध्यामा छौ यो बजेट पनि त्यो खालको चाहि यो भन्दा अगाडिको दुईवटा बजेटको जस्तो परिस्थिति भयो भने अलिकति असहज परिस्थिति हुन्छ त्यसैले गर्दा खेरि चाहि सरकारलाई यहि सुझाव दिन चाहान्छु कि कार्यान्वयनको निमित्त समग्र हिसाबले सुदूरपश्चिममा चाहि हामीले कृषिमा के क्रान्ति गर्दै छौ, सडकमा के क्रान्ति गर्दै छौ, हामीले चाहि अन्य कुरामा के क्रान्ति गर्दै छौ यो कुराको चाहि निरक्यौल गरेर त्यो ठाउमा चाहि सम्बन्धित ठाउँमा चाहि कर्मचारीलाई पनि त्यो पाटो समाल्नका निमित्त सरकारको ध्यान जावस भन्ने सुझाव दिन चाहान्छौ हामीले दिने सुझाव हो हामीले सरकारले खटाएको ठाउमा जाने पनि हो तर त्यसको निमित्त सरकारले पनि त्यो खालको तयारी गरोस भन्ने सुझाव दिन चाहान्छु यति भन्दै आफ्नो भनाई यहि अन्त गर्दछु हवस त धन्यवाद ।

माननीय नेपालु चौधरी :- माननीय सभामुख महोदय, आर्थिक बर्ष ०७६।०७७ को विनियोजित विधेयकको सिद्धान्त, उद्देश्य, प्राथमिकता र प्रमुख नीति माननीय आर्थिक मामिला तथा योजना मन्त्री झपट बहादुर बोहराजीले प्रस्तुत गर्नु भएको छ बास्तवमा हामीले यो विधेयक माथि पूर्व बजेटका सम्बन्धमा छलफल गरिरहदा धेरै राम्रा कुराहरु हाम्रो बिचमा आए तर पनि हाम्रो यो सिद्धान्त, उद्देश्य र प्राथमिकतामा धेरै कुराहरु छुट्योजस्तो देखिन्छ यहा हिजो पनि हामीले भनेका

थियौ कि सबै वडामा बैंकहरु पुऱ्याउने छौ त्यसका साथ साथै सुरक्षाको व्यवस्था पनि गरिने छ भनेका थियौ तर अहिले पनि हामीले यो आर्थिक बर्ष ०७५।०७६ को बजेट कार्यान्वयन गरि रहदा धेरै ठाउँमा उपभोक्ता समितिहरु बनाइसकेपछि उहाहरुको खातामा पैसा पठाउने सन्दर्भमा धेरै वडामा बैंक अहिले पनि नभएको कारणले यहाहरुलाई धेरै समस्या परेको देखिन्छ धेरै पैसा खर्च गरेर बैंकमा खाता खोल्न आउनुपर्ने त्यसपछि निकाल्न आउनु पर्ने यि समस्याहरु बास्तवमा यदि बैंकले कुन कुन बैंकले, कुन कुन वडामा कहा पठाउने हो त्यो छिटो गर्नुपर्छ भन्ने मलाई लाग्दछ यदि सरकारको काममा तयार छैनन भने त्यस्ता बैंकहरुलाई कारबाही गर्नु पर्छ भन्ने पनि म राख्न चाहान्छु र त्यसका साथ साथै यो सुरक्षा दिने कुराहरुमा पनि अहिले कतिपय बैंकहरुले हामी सुरक्षाको व्यवस्था भएन भनेर उहाहरुले भनि राख्नु भएको छ त्यस कारणले सरकारले बैंक पठाउने र सुरक्षा जो व्यवस्थापन गर्ने कुरा पछाडि हट्नु हुदैन भन्ने म अनुरोध गर्न चाहान्छु र बास्तवमा धेरै माननीयज्यूहरुले उठाउनु भएको छ र अहिले प्रदेश सरकारले ०७६।०७७ को बजेट ल्याई रहदा हिजो हामीले एउटा सुशासन विधेयक पारित गरेका थियौ कि त्यसमा स्थानीय तह, प्रदेश संसद वा प्रदेश आयोगले सिफारीस गरेको योजना मात्रै हामीले कार्यान्वयनको प्रक्रिया बढाउने छौ भनेर हामीले त्यसमा लेखेर पास गरेका थियौ र अहिले यो विधि कता कता हराए जस्तो मलाई लाग्यो हामीले भन्नेबेला चाहि सिफारीस ल्याउने भन्छौ तर यो विभिन्न डिभिजन कार्यालयहरु मार्फत जुन अहिले योजनाहरु हामी माननीय कसैलाई थाहा नभएको योजनाहरु अहिले तयार भैसके भन्ने कुरा हामीले थाहा पायौ अब यसरी तयार भएर आएको योजनाहरु के हामी माननीयले थाहा नपाउने कर्मचारी साथिले मात्र तयार गरेर पेश गर्ने हामी कानून मात्र बनाउने हो कि ? कि हामीले पास गर्ने मात्रै हो ? यो कुरा अलिकति बुझ्न गारो भएको छ । बास्तवमा हाम्रा प्रदेशमा थुप्रै समस्याहरु छन् हामीले सबै वडामा खानेपानि पुऱ्याउने भनेका थियौ सबै वडामा बाटो पुऱ्याउने भनेका थियौ अब खानेपानि यो भन्दा पहिला धेरै वडामा बनिसकेका छन् तर ती संचालनमा आएका छैन मैले के अनुरोध गर्न चाहान्छु भने थुप्रै योजनाहरु त्यस्ता योजना अधुरा योजना हामीले त्यसलाई प्राथमिकता दिएर अगाडि बढाउने कि नबढाउने त्यसलाई कार्यान्वयन गर्ने कि नगर्ने भन्ने कुरा अलि म जोड दिन चाहान्छु र हामीले गौरवका बाटोको कुरा आयो गौरवका बाटो, गौरवका खेलमैदान एउटा प्रदेश एउटा खेलमैदान ती पनि अहिले सम्म कता कता कार्यान्वयन प्रक्रिया अलि भएन कि भन्ने मलाई लाग्दछ अर्को हामीले विगतमा छुट्याईएका योजनाहरु उपभोक्ता समिति मार्फत गर्ने भनेका थियौ तर कति सम्मको योजनाहरु उपभोक्ता समितिले गर्ने म आफै अन्योलमा छु र यहा हामीले हेरिराख्या छौ २० देखि २५, ३० लाखका योजनाहरु पनि अहिले डिभिजन कार्यालय ठेक्का मार्फत काम गराउछु भनेर अहिले सम्म काम शुरु गरेको अवस्था छैन । त्यस कारणले कुन योजना उपभोक्ता समितिले कति सम्मको योजना कार्यान्वयन गर्ने, कति जति योजनामा काम गर्ने भन्ने कुरा पनि खुलेर लिनुपर्छ भन्ने मलाई लाग्दछ र अर्को कुरा यो ठेकेदारले आफुले आफु अनुकुल भयो भने काम गर्ने कार्यालयले उनिहरुलाई चलाउन नसक्ने अवस्था देखिन्छ हामीले यो ठेकेदारका सम्बन्धमा पनि हामीले अलिकति कडाइका साथ कानून निर्माण गर्दै ठेकेदार पनि हामी हाम्रो कानूनले बाध्नुपर्छ किन भने उनिहरु एउटा ठेक्का लिने त्यस पनि त्यहा काम नगर्ने फेरी अर्को ठेक्का लिने त्यसरी १५, २० वटा ठेक्का लिएर कुनै पनि योजना कार्यान्वयन नगर्ने अवस्था देखिएको छ त्यस कारणले ठेकेदारलाई हामीले एउटा नीतिमा बाध्न सकिम भने ठेकेदारका यि बर्गहरु अनुसार उनिहरुले काम

गर्ने प्रकृति बनाउन सकेनौ भने आउदो दिनमा योजनाहरु फेरी बनाऔ समयमा सम्पन्न नहुने, हामीले समय थपिराख्नुपर्ने अवस्था देखिन्छ भन्ने कुरा म राख्न चाहान्छु भन्दै विदा हुन्छु धन्यवाद ।

माननीय देवराज पाठक :- माननीय सभामुख महोदय, मलाई भाषण शासण त केहि आउदैन म आफ्ना कथा बेथाहरु यहा पोखि राखेको छु र विगतका बजेटहरुमा पनि २०७४।०७५ र ०७५।०७६ को उसमा पनि बोलेको थिए र बर्षात आउदैछ र किसानलाई मलखाद, डिजलको व्यवस्था हुनुपर्यो र चुरे पहाडको अवस्थाको विषयमा मैले चाहि भनेको थिए । चुरे पहाडको अवस्था त्यस्तै छ र मलखाद समयमा किसानहरुले पाएनन बजेट त शहिदहरुलाई अंकित गरेर सहिदलाई साक्षी राखेर यहा प्रस्तुत भएको छ गरिएकालाई आधारित बनाइएको छ । तर कार्यान्वयन पक्ष यहा जस्ट उल्टो छ । अझ पनि अर्थमन्त्रीज्यूले त्यहि डल्लो बजेट प्रस्तुत हुनेहो कि भन्ने संका लाग्छ । डल्लो बजेट प्रस्तुत भयो भने उहाले .... पाउनुहुन्छ । करोडौ अरबौका योजना मन्त्रीहरुले आफ्नो क्षेत्रमा लैजाने त्यसपछि सत्तापक्षका टाठाबाठा सांसदहरुलाई दिने, त्यसपछि सत्तापक्ष, प्रतिपक्ष त छदैछ उ आफ्नो ठाउमा के भने मित्र भन्ने हो कि सत्रु त्यस्तै किसिमको व्यवहार भैराखेको छ । म यहाहरुलाई सभामुख महोदय म यहा त अब त थप एउटा कुरा के भएको छ भने प्रत्यक्ष उम्मेदवार र समानुपातिक उम्मेदवारमा पनि भेदभावना प्रत्यक्ष उम्मेदवार या सांसद सुपरियल हुने रे समानुपातिक सांसद इपिरियल हुने कुरा यो के परिपाटि हो हिन्दीमा एउटा भन्छन फुटडालो राजकरो भन्ने हिसाबको त होइन । यहा त भाषण सुनिन्छन् बजेट बढीन्छन् तर कार्यान्वयन पक्ष खोकुलो भएको हुनाले हामी अधिकांश सांसद धेरै दुखि छौ विगतका ०७४।०७५, ०७५।०७६ का दिइएका योजनाहरु अझ सम्म सम्झौता, डिपिआर पनि हुन नसकेको अवस्था छ के त्यो आषाढ मसान्त पछि ती योजना संचालन हुने हुन कि भन्ने मैले यहा यो सभामुख मार्फत मन्त्रीज्यूहरुको ध्यानाकर्षण गर्न चाहान्छु । यहा त के हुन लाग्यो भने कुराई मात्र खाना हुन कि बालि चरणका भन्ने जस्तै अब यहा देखा परेको छ र हामी यसमा ज्यादै नै चिन्तित छौ । एकातिर हामी लोकतन्त्र, गणतन्त्र भनेर भन्छौ तर सत्तापक्षका माननीयहरु भाषण गर्छन । एकदम राम्रो भाषण गर्छन तर परिणाम के देखिन्छ भने माछो माछो च्याट्टोखोलो भाषणको परिणाम के हुन्छ माछो माछो च्याट्टोखोलो त्यहि उले म यहा निबेदन गर्न चाहान्छु कृपया यो सरकारले लोकतन्त्र र गणतन्त्रको उपहास नउडाइदियोस हाम्रो संविधान विश्वकै उत्कृष्ठ संविधान भनेर भनिएको थियो । कार्यान्वयन पक्ष राम्रो नभएकोले आज विश्वमा निकिष्ट संविधानको रुपमा आएको छ । निर्मला बलात्कारको हत्या विश्वमै बदनाम भैसक्यो आज सम्म १६ प्रतिशत बजेट पनि कार्यान्वयनमा परिणित भएको देखिएको छैन अर्को सभामुखज्यू म कहिलेकाहि बोल्न भा हुनाले अलिकति समय थपिदिनुहोला भन्ने म आग्रह गर्न चाहान्छु र उता के भन्ने हो त अब प्रजातन्त्र, लोकतन्त्रको उपहास उडिरहेको अवस्था छ हामीले समयमा सचेत भएनौ भने भोली लोकतन्त्र, गणतन्त्र पनि सदाका लागि नरहने अवस्था हुन्छ त्यहि उले हामीले लोकतन्त्र, गणतन्त्रलाई साच्चीकै छातिमा हात राखेर यहाहरु भन्नु हुन्छ कि हामी लोकतन्त्र र गणतन्त्रलाई उ गरेर आएका हौ भनेर भने सहिदका सपनाहरु, गरिबका आधारभुत आवश्यकताहरु किन पुरा हुदैन, किन चिल्लागाडि, किन राष्ट्रपति भवनमा त्यत्रो खर्च, किन चाहि विदेश भ्रमणमा खर्च, किन चाहि अन्य उसमा चाहि खर्च किन भैराख्या छ । हामी जनताका प्रतिनिधी हौ जनताले हामीलाई भोट दिएको छ मैले त्यो अनुसार हाम्रो कार्य किन हुन सकेको छैन । अब यहा सुनिन ला छ

बजेटको म्याद सिदियो सिदिन लाछ भोली पर्सि सकिन्छ कुनबेला यो शुरु भयो, कुनबेला अन्य हुदैछ केहि योजनाहरु झ्यालबाटै आएका हुन त योजना आईसके सभासदहरुलाई जानकारी नै छैन भर्खर त सदन शुरुवाद भएको छ र यहा अब यो बजेट दिने म्याद योजना दिने म्याद सिदिसक्यो भन्ने म यो सरकारलाई पशुपतिनाथले सद्बुद्धि दियोस भन्ने शुभकामना व्यक्त गर्दै आफ्ना भनाइ यहि टुङ्ग्याउछु धन्यवाद ।

माननीय बल बहादुर सोडारी :- माननीय सभामुख महोदय, म सर्वप्रथम यो चौथो अधिवेशनको सफलताको शुभकामना व्यक्त गर्न चाहान्छु । साथै यो अहिले भर्खरै हाम्रो आर्थिक मामिला तथा योजना मन्त्रीले प्रस्तुत गरेको २०७६।०७७ को बजेट तयारीको दस्तावेज भन्दा पहिले म अहिलेका चालु अवस्थामा रहेका योजनाहरुको विषयमा केहि कुरा भन्न चाहान्छु । र हाम्रा धेरै सांसदज्यूहरुले सदनमा राखि सक्नु भएको छ र यसमा हामीलाई चिन्ता लागिरहेको छ । धेरै बजेटहरुमा अहिले सम्म अख्तियारी गएको छैन र सम्झौता भएको छैन कहिले कार्यान्वयन हुन्छन् । यि कुराहरुमा पनि सम्बन्धित मन्त्रालयहरुले विचार पुऱ्याउनु पर्दछ भन्ने कुरा म सुझाव दिन चाहान्छु । र यि पुल पुलेसा र भौतिक निर्माणका भवनहरुका सवालमा क्याविनेटबाट एउटा निर्णय गरेर बहुबर्षिय योजनामा जानुपर्छ । तोकिएकै रकम खर्च हुनुपर्छ भन्ने एउटा निर्णय यदि भएन भने यि योजना सफल हुनेवाला छैनन भन्ने किसिमको सुझाव दिन चाहान्छु । र यो योजनाका सवालमा हाम्रा माननीयज्यूहरुले यसै मञ्चबाट बोल्नुभयो र समय सिद्धिसक्यो भन्ने कुराहरु बोलिरहनुभएको छ । तर हामीलाई थाहा छैन हामीलाई योजना ल्याउनुहोस यति अवधिभित्र भन्ने कुनै जानकारी भएको छैन र कुनै मन्त्रालयबाट पनि योजना आउनुपर्छ भन्ने भएको छैन तर हामीले भौतिक पूर्वाधार विकास मन्त्रालयको बाहिर एउटा सूचना टासिएको देख्यौ त्यो स्थानीय तहका जनताहरुलाई भनेको हो वा सांसदहरुलाई भनेको हो र सम्बन्धित कार्यालयमा पेश गर्नुपर्छ भनेर सूचना टासिएको छ त्यो सूचना हामीले पनि पढ्यौ तर त्यसमा धेरै कुराहरु लेखिएका छन् हामीले पनि आफ्नो निर्वाचन क्षेत्रमा जादा, गाउँमा जादा तपाइहरु यो पहिलाका जसो हचुवा तालमा योजनाहरु नल्याउनुहोस आफ्नो समुहको भेलाको निर्णय गरेर योजना माग गरेर वडाबाट र नगरपालिकाबाट सिफारीस गरेर ल्याउनुस अनि हामी सिफारीस गरेर त्यहा बुझाउछु भनेका छौ । तर केहि साथिहरुले ईष्टिमेट पनि ल्याउनुहोस अनि अरु फारामहरु पनि भर्नुहोस भनेका छन् र कार्यालयहरुले पनि त्यहि किसिमको निर्देशन मन्त्रालयले पनि कार्यालयलाई त्यस किसिमको निर्देशन गरे जस्तो हामीले मानेका छौ तर हाम्रो भनाई मात्रै के हो भने सिफारीस राख्न जरुरी छ ती फाराम भर्ने कुराहरु र ईष्टिमेट बनाउने कुराहरु जब योजना पर्छन तब मात्रै सम्भव हुन्छन् जस्तो मलाई लाग्दछ यो पहिल्यै ईष्टिमेट माग्ने प्राविधिकहरुलाई पैसा कोचाएर सोझा साझा जनताहरुलाई पैसा खुवाएर ईष्टिमेट बनाउनुपर्ने म आवश्यक देख्दिन त्यसो भएको हुनाले यि धेरै कुराहरु विग्रीरहेका छन् पुराना योजनाहरुमा यिनलाई सफल हुने ढंगको हाम्रा प्रदेशले प्रदेश सरकारले केहि विग्रेका कुराहरुलाई सुधारेर लैजानुपर्छ भन्ने सुझाव दिन चाहान्छु र अर्को अब यो हाम्रो नया बजेटको सिलसिलामा २०७६।०७७ को बजेट पूर्वसन्ध्यामा आर्थिक मामिला तथा योजना मन्त्रीज्यूले ल्याएको जो दस्तावेज छ यसका विषयमा बोल्नुभन्दा अगाडि समय सकिए जस्तो मलाई लाग्यो सभामुख महोदय, अब हामीले चुनाव लड्दाखेरि हामीले जनताहरुसँग प्रत्यक्ष रुपले हामी यो प्रदेशलाई समृद्ध प्रदेशको रुपमा देख्न चाहान्छौ र बनाउन चाहान्छौ तपाइलाई देखाउछौ भनेर बाचा गरेर आएका थियौ अब के छ त तपाईहरु सँग समृद्धि प्रदेशको भन्दा खेरि हामी सँग के छैन जल, जंगल, जडिबुटि जे जे पनि रत्नगर्व नेपाल भन्ने पनि यहि हो गर्भरत्न भन्ने अनि

हरियो बन नेपालको धन भन्ने पनि यहि हो अनि यो नेपालमा के छैन यि सबै चिजहरुको उपभोग गरेर हामी यो सुदूरपश्चिम प्रदेशलाई सबै प्रदेशभन्दा बलियो प्रदेश बनाउछौं र समृद्ध प्रदेश बनाउछौं भनेर हामीले जो नारा लगाएर हामीले चुनाव जित्यौ जो प्रतिवद्धताका साथ हामी यो सरकारमा आएका छौ त्यसो भएको हुनाले प्रतिपक्षका साथिहरुले यो नालायक सरकार हो यि मन्त्रीहरुसँग खुवि छैन यिनिहरुलाई यो सफल मन्त्रालय हो भनेर यदि भन्छन् भने त्यो सबै कुरा मान्ने पक्षमा छैनौ तर नीति र विधीका कुराहरु समृद्ध प्रदेशको लागि, संघीयताको लागि, राष्ट्रियताको लागि र यो प्रदेशको विकासका लागि बोलेका कुराहरु त प्रतिपक्षका पनि हामीले मान्नुपर्ने होला नी त्यसो भएको हुनाले हामी पक्ष प्रतिपक्ष नभएर सबै एकबद्ध भएर यो सरकारलाई अहिलेको यो बजेटमा यसैमा टेकेर यो सरकारले बजेट बनावस भन्ने शुभकामना व्यक्त गर्द म आफ्ना भनाईहरु टुङ्ग्याउछु धन्यवाद ।

माननीय देवकी मल्ल :- सभामुख महोदय, हामी पूर्व बजेट छलफलमा जुटिराखेका छौ बजेटको सैद्धान्तिक विषय त्यसका उद्देश्य, त्यसका नीतिहरु र प्राथमिकताका विषयहरुमा हामी छलफलमा जुटिराखेका छौ । र एउटा सुरु के पनि भैराखेको छ विगतको बजेट विनियोजनमा केहि असमानताहरु र केहि अन्योलहरु देखिए साहेद ती निहितले भन्दा अवस्था र परिस्थितिले त्यस्तो हुन आएको थियो । त्यसलाई हामीले भन्यौ पहिलो बर्षमा पहिलो अभ्यास भन्यौ जनताले सोध्दा हामीले जवाफ दियौ पहिलो बर्ष पहिलो अभ्यास भनेर त्यसैले म आग्रह गर्न चाहान्छु अबको बजेट विनियोजनमा नीति तथा कार्यक्रममा एकदमै सुझबुझका साथ हाम्रो सरकार प्रदेश सरकारले बजेट वाडफाड गर्नेछ, नीति तथा कार्यक्रम ल्याउने छ भन्ने शुभकामना दिन चाहान्छु । र संविधानमा हाम्रो देशको ... र बस्तुगत अवस्था हेरेर जरुरी ठानेर एकात्मक राज्य प्रणालीको अन्त्य गरेर संज्ञात्मक प्रणालीमा जानुपर्यो । यो देशमा जातजाति, क्षेत्र, बर्ग र लिङ्गका नाममा धेरै उत्पीडन थियो त्यसैले समानुपातिक समावेशि प्रणालीमा जानुपर्यो आज ठ्याक्कै त्यो कुरा सबै तहका सरकारले जातजाति, क्षेत्र, लिङ्ग र बर्गका कुराहरुलाई बजेटमा व्यक्त गर्नुपर्नेछ । राजनैतिको केन्द्रिय अभिव्यक्ति बजेट नै हो । अर्थ नै हो त्यसैले समाज रुपान्तरणका कुरा, अधिकार दिने कुरा बजेटमा व्यक्त हुनुपर्दछ भन्ने कुरा राख्न चाहान्छु । अर्को कुरा यो प्रदेश भित्र पनि हिजो केन्द्रीय सरकारले यो प्रदेशलाई उत्पीडनमा पारेको, यो प्रदेशका हिमाली जिल्लाहरु, पहाडका जिल्लाहरु, कुना कन्दरा विभिन्न ठाउहरु ओझेलमा परेका छन् । त्यसैले बजेट विनियोजन गर्दा वा हामीले नीति तथा कार्यक्रम ल्याउदा ती कुना कन्दरा राज्यको नजरमा पुगेका नेताहरुको नजर नपुगेका ठाउहरुलाई विशेष तरिकाले सम्बोधन हुनुपर्दछ त्यस पछि मात्रै संघीयताको अर्थ ठुलो संघर्षबाट बलिदानीबाट प्राप्त गरेको यो प्रदेशको अर्थ रहन्छ भन्ने लाग्दछ । त्यसैले खानिका कुराहरु उठायौ पोरसाल मैले धेरै मन्त्रालय विशेष गरि सम्बन्धित मन्त्रालयमा खानिका कुरा उठाए बझाङ्गमा तामाखानि, लुवाखानिका कुरा बहुत चर्चामा छ तर मैले प्रष्ट पार्न सकिराखेकी छैन त्यसको

अध्ययन, अन्वेषण, त्यसको उत्खनन कसरी गर्ने त्यसको लागि यो प्रदेश सरकारमा यो प्रदेशमा धेरै ठाउहरुमा यस्ता खानिहरुको सम्भावना छ त्यतातिर प्रदेश सरकारले ध्यान दिन पनि म आग्रह गर्न चाहान्छु । विशेष गरि केन्द्रीय अनुदान बर्षै पिच्छे हामीले बाड्नुपर्ने स्थिति छ त्यसैले आन्तरिक स्रोतहरु बढाउन आन्तरिक आयस्रोतहरु बढाउने खालका प्लानहरु, योजनाहरु, बजेटहरु यो बर्ष हुनुपर्दछ । हाइड्रोको सम्भावना ९ वटै जिल्लामा छ । ५० मेघावाट, १०० मेघावाट सम्मका ९ वटै जिल्लामा एउटा एउटा जिल्लामा हाईड्रो सम्म बनाउन सक्ने प्लान यो सरकारले बनाउनुपर्दछ । पर्यटनका कुराहरुमा, सडकका कुराहरुमा पोरसालको तरिकाले मात्रै नबाडेर हामीले ४/५ बर्षमा हामीले कतिवटा सडकहरु कालोपत्रे गर्न सक्छौ ९ वटा जिल्लामा एउटा एउटा सडक कालोपत्रे गर्न सक्यौ भने प्रदेश सरकारको पनि प्रतिष्ठा पनि बढ्ने हाम्रो सुदूरपश्चिममा पनि धेरै कामहरु देखिने खालले यसपालिको बजेटमा एउटा जिल्लामा एउटा कालोपत्रे गर्न सक्ने सम्मको प्लान योजनाहरु बनाउन सक्नुपर्दछ खानेपानिको सवालमा, पर्यटनको सवालमा हाम्रो प्रदेशमा रहेका केहि नभए पनि ४-५ वटा पर्यटनस्थलहरुलाई साच्चिकै बनाउने गरि प्लानमा कार्यनीतिमा राख्नु पर्दछ भन्ने भन्न चाहान्छु । र विशेष गरि समाज रुपान्तरणको कुराहरुमा श्रीमान्ले पिट्दा सहनुपर्ने स्थिति छ । सासु, ससुरा, घरका मान्छेहरुले दुखः दिदा सहनुपर्नेस्थिति छ किन भने तिनिहरुको बाच्ने आधार छैन त्यसैले आदणीय सभामुख महोदय, म सरकारलाई जानकारी गराउन चाहान्छु मैले अघि पनि भने संविधानमा जो सैद्धान्तीक विषय मतलब जातजाति, क्षेत्र, लिङ्गलाई विशेष अधिकारदिइएको छ यो मतलब बजेटमा पनि व्यवस्था होस । महिला समुदायका लागि साच्चिकै समाज बनाउने हो भने, समाज रुपान्तरण गर्ने हो भने यो प्रदेशले यस पालिनै महिलाको क्षेत्रमा ठुलो बजेट छुट्याइनु पर्दछ त्यो बजेटको नीगरानि यो प्रदेशका महिला सांसदहरुले गर्नुपर्दछ किन भने महिला अधिकारका निमित्त संघर्ष गरेर गरेर परिवर्तनका सम्वाहक भएर यो स्थानसम्म आईपुगेका मान्छे हुन यिनि हामीले महिलाहरुका बारेमा प्लान बनाउन नपाउने, महिला समुदायको बारेमा हामीले कार्यक्रम बनाउन नपाउने यो व्यवस्था सरकारले गर्नुपर्दछ म यो आग्रह गर्न चाहान्छु । संसद विकास क्षेत्रको कुरा उठेको छ मलाई साच्चिकै लाग्छ पछाडि परेका समुदायहरुका लागि अगाडि ल्याउने व्यवस्था हो समानुपातिक व्यवस्था भनेको हाम्रो देशमा राजतन्त्र मतलब विभिन्न जातजाति, क्षेत्र, लिङ्ग, बर्गका मान्छेहरुलाई पछाडि पारिएको थियो विशेषग व्यवस्था सहित त्यो व्यवस्था हो भन्ने लाग्दछ । दुईवटा प्रणालीमा राज्य गएको छ तर किन यो सरकारले भेदभाव गर्नुपर्यो । सांसद विकास क्षेत्रको रकम सबै माननीयलाई दिइदिदा अझ यो सरकारको कुनै पनि मतलब घट्दैन झन बढ्दै जान्छ सजिलो हुन्छ । त्यसैले यो व्यवस्था पनि सकेजति होस भन्ने म आग्रह गर्न चाहान्छु । अझ समानुपातिक व्यवस्थामा विशेष गरि आदणिय

महिला साथिहरु हुनुहुन्छ यो व्यवस्था होस भन्ने म आग्रह गर्न चाहान्छु । त्यसैले सभामुख महोदय, अबको बजेट साच्चिकै मतलब सुदूरपश्चिमका ९ वटै जिल्लामा अझ दुर्गमको आधारमा, पछाडि परेको क्षेत्रको आधारमा विनियोजन होस समानतरिकाले होस भन्ने फेरी पनि आग्रह गर्न चाहान्छु । विदा हुन्छु हवस धन्यवाद ।

माननीय लाल बहादुर खड्का :- सभामुख महोदय, २०७६।०७७ को बजेटको पूर्व तयारी र यसका समग्र पक्षमा छलफलका लागि अर्थमन्त्रीज्यूले जुनखालको प्रस्तुत गर्नु भएको छ एकसाइज अगाडि बढाएको छ म त्यसका लागि धन्यवाद दिन चाहान्छु । तर पनि हामी समृद्ध नेपालको परिकल्पनाका साथ अगाडि बढेका छौ । नेपाल सरकारले अब यो मुलुकलाई समृद्धितिर अगाडि लैजाने त्यो नारा अगाडि सारेको छ मलाई लाग्छ त्यो नारा नेपाल सरकारको नारालाई साकार पार्न प्रदेश सरकार, स्थानीय तहका सरकार र सबैले त्यो खालको नीति कार्यक्रम र बजेटलाई अगाडि बढाउन जरुरी छ । त्यसो हुनाले यो बजेटमा गत बर्षको बजेटले हामीलाई कहा पुऱ्यायो अलिकति रेखाकंकन भइदिएको भए अब कहा जाने त भन्ने कुरा हुन्थ्यो गत बर्षको बजेट देखि अहिलेको प्रक्रिया सम्म हामी आईपुग्दा बजेटको कार्यान्वयनको जुन खालको अवस्था छ यसलाई हेर्दा खेरि हामीले कुनखालको एउटा सामान्य रेखाकंन पनि गर्न सकेनौ भन्ने यो समिक्षाको विषय बन्नु पर्छ र समिक्षा गर्नुपर्छ भन्ने मलाई लाग्याछ । त्यसो हुनाले बजेटले समग्र पक्षलाई समेट्न खोजेको छ सबै पक्षलाई समेट्ने खालको यो बजेटमा आएको छ तर पनि केहि विषयलाई अब हामी कहा जाने गोरेटो कहा हो भन्ने कुरालाई हामीले बजेटले ईङकित गरेन, बजेट पोजिसन अगाडि बढेन भने यो बजेटले साच्चिकै हामीले खोजेको हामीले जान खोजेको समृद्धिको दिशातिर जान्छ कि जादैन यो फेरी सदनले छलफल गर्नुपर्छ कि भन्ने मलाई लाग्याछ । हामीले धेरै ठुलो एउटा उपलब्धी हासिल गर्यौ प्रदेशको राजधानी घोषणा गर्यौ, प्रदेशको नाम घोषणा गर्यौ । त्यो भन्दा अझ गौरवको योजना सुदूरपश्चिम प्रदेशका लागि अरु केहि पनि हुदैनथ्यो होला तर त्यो प्रदेशको राजधानी र नाम घोषणा गरिसकेपछि माननीय सभामुखज्यूले एउटा अवधारणा पत्र पनि पेश गर्नुभयो तर सरकारको बजेटको कार्यक्रममा पहिलो त्यसलाई महत्वका साथ अगाडि ल्याउनुपर्थ्यो त्यो हाम्रो उपलब्धी हो त्यो हाम्रो उपलब्धीलाई हामीले चाइने ल्याउन सकेनौ त्यसलाई कार्यान्वयनको तहमा ल्याउन सकेनौ भने त्यो सदनले पास गरेको के अर्थ हुन्छ । त्यसो हुनाले यो विषय छुटेको छ भन्ने मलाई लागेको छ र अर्को खास गरिकन हामी कृषिलाई अझ पनि कृषिलाई जोड दिएर कृषिलाई आधुनिकरण गर्ने भन्ने एउटा शब्दमा मात्रै होइन एउटा ... दिएर अब कृषिलाई आधुनिकरण गर्ने, व्यवसायिकरण गर्ने त्यसैमा युवा स्वरोजगारलाई जोड्ने र त्यसैलाई उत्पादनको ठुलो क्षेत्र बनाउने कुरालाई फोकस गर्न सकेनौ हामी समग्रतामा ल्याउन सकेनौ भने मलाई लाग्छ हाम्रो बजेट गन्तव्यहिन हुन्छ । त्यस कारणले यतातिर अलिकति ध्यान जानुपर्छ भन्ने मलाई लागेको छ र औद्योगिक क्षेत्रको सवालमा दैजीको कंचनपुर जिल्लाको बेदकोट नगरपालिका दैजीको छेला औद्योगिक क्षेत्रलाई हिजो मात्रै बन मन्त्रालयले त्यसको टि.ओ.आर र एस.डि. स्वीकृत गरेको छ । र औद्योगिक क्षेत्रको काम अगाडि बढेको छ त्यो सुदूरपश्चिमकै औद्योगिक क्षेत्र हो त्यसलाई अगाडि बढाउने कुरामा सरकारले बजेट आफ्नो कार्यक्रममै ल्याएर अगाडि बढाउनुपर्छ त्यो विषय छुटेको छ भन्ने मलाई लागेको छ । त्यस्तै समृद्धिका आधार के के

हुन सक्छ, प्राथमिकता के के हो त हाम्रो आधार त सबै चिज भयो सबै चिज भए समृद्ध हुन्छ तर पनि प्राथमिकता के हो भन्ने विषय बजेटले अलिकति ईङ्कीत गर्न सकेन पहिलो कृषि होला, त्यसपछि जंगलहोला, त्यसपछि जल होला, त्यसपछि पर्यटन के के हो त्यो दृष्टिकोण सहित र त्यो दृष्टिकोण अनुसारको भोलीको बजेटको प्राथमिकता सहित हामी जान सकेनौ र हामीले ५ बर्षमा अबको २ बर्षमा म्याद पुग्ने भन्ने कुरालाई हामीले ईङ्कीत गर्न सकेनौ र हामीले विगतमा केहि कृषिमा जोड्ने, केहि स्वरोजगारमा जोड्ने भनेर स्वरोजगार कार्यक्रम पनि एक अरब पैसा छुट्यायौ हाम्रो अहिले पनि त्यसको कार्यविधि ऐन बन्न बाँकी छ त्यसलाई पनि जोडेर अब युवाहरुलाई यहि रोक्नका लागि हाम्रो चाहिने के हो त सुदूरपश्चिमको योजना के हो भन्ने कुरा पनि यो बजेटमा समावेश गर्न सक्यो भने यसलाई अलिकति बढ्दा इन्डकेट गर्न सक्यो भने यसलाई अलिकता महत्वका साथ राख्न सक्यो भने बजेटले स्वभाविक रुपमा एउटा आफ्नो गन्तव्य आफ्नो ठाउको गोरेटो कोर्न सक्थ्यो र त्यो अहिले जनताले चाहि रहेका छन् । आवश्यकता छन् भौतिक निर्माणका आवश्यकताहरु छन्, पुलपुलेसाका छन्, बाटोघाटोका छन् ति तनाम खालका आवश्यकता छन् तर पनि जनताको जीवनस्तरलाई माथि उठाउने गरि, जनतालाई समृद्ध बनाउने गरि जुन खाले अहिले विदेशिने युवाहरु विदेशिने जुन खालको अवस्था छ त्यसलाई रोक्ने र त्यसलाई यहि देशमा यहि चाहिनी काम गर्ने खालको बाताबरण हामीले यदि दिन सकेनौ भने मलाई लाग्छ यो बजेटले जे कुरा अहिले जनताले खोजेको छ, जे परिवर्तन अहिले जनताले चाहेको छ त्योलाई सम्बोधन गर्न सक्छ कि सक्दैन नसक्ने मलाई लागेको छैन हुन त मेरो व्यक्तिगत विचार पनि हो तर पनि त्यस कारण पनि हामीले यो बजेटलाई त्यता लैजानुपर्छ र अर्को कुरा कैलाली, कंचनपुरको सबै भन्दा ठुलो समस्या लामो बर्ष देखि मान्छेहरु ५०औ बर्ष देखि मान्छे बस्याछन् जग्गा  दर्ता भा छैन, अव्यवस्थित रुपमा बसेका त्यसको प्रदेश सरकारले अब त्यसको योजनामा, आफ्नो, बजेटमा, आफ्नो नीतिमा ल्याउने कि नल्याउने यहा एउटा नया खालको देशमै नभएको नयाँ खालको समस्या छ हिजो राष्ट्रिय निकुञ्च हुदा खेरिको आरक्षपिडितहरु जो सरकारले नै परिचय पत्र दिएर विभिन्न शिविरहरुमा बसेका छन् । तिनलाई हाम्रो बजेट कार्यक्रमले सम्बोधन गर्ने कि नगर्ने धेरै क्षेत्रहरुलाई समेटिया छ मैले त्यो बजेटका धेरै क्षेत्र समेटिया छन् म त्यसलाई चर्चा गरिन त्यो एकदम राम्रो छ तर त्यो विषय छुट्या छ त्यसलाई सम्बोधन गर्ने कि नगर्ने अहिले पनि हलियाको समस्या कैलालीमा अहिले पनि मुक्तकमैयाहरुको समस्या छ । अहिले विगतकाले ५ कट्ठा जग्गा पाए अहिले २ लाख रुपैया सरकारले दिएको छ अनि त्यसले उसलाई ५ धुर जग्गा पनि आउदैन त्यो खालको समस्या छ । कमैयाहरुको समस्या छ लगायतका मान्छेहरुको समस्या छ जो अत्यन्त गरिबीका रेखामुनि छन् तीनलाई यो बजेटले सम्बोधन गर्नुपर्छ भन्ने मलाई लागेको छ । मैले यिनै विषयहरु बजेटमा थप समावेशका लागि मैले आग्रह गरे र अन्तमा सरकारका मन्त्रीज्यू अगाडि हुनुहुन्छ । ... भन्दा अलि नमिठो पनि लाग्छ तर पनि उहाहरु सँग मेरो के हो भने अहिले प्रदेश सरकारका क्रियाकलाप प्रति खास गरिकन स्थानीय तहका मान्छेहरुले बढ्ता चाहि चर्चा गरिराछन् हरेक कुरामा कमिसन देखि अरु कुरा गरिराछन् र यहा एउटा बहस पनि चल्या छ प्रदेश सरकार आवश्यक छैन भन्ने बहस पनि शुरु गर्याछन् त्यसो हुनाले मेरो सबै सरकारका मन्त्रीज्यूहरु सरकारसँग आग्रह के हो भने अब यो बजेट कार्यान्वयन हुने बेला अब हामीसँग ४० दिन बाँकी छन् ४० दिन तपाई ७ बजेट देखि १० बजेट सम्म अफिसमा बसिदिनुहोस तपाईका सबै कर्मचारीहरुलाई अब गोष्ठि, सेमिनार के के हुन सबै रोक्नुस अब चाहि कार्यान्वयनको बेला भनेर खटाउनुस अब माननीय त्यहा गयो भने यहा

अडकिन्छ, उहा अडकिन्छ अहिले माननीयहरुको काम त्यहि मन्त्रालयमा गएर खरिदार सुब्बालाई भेट्ने काम भा छ त्यसो हुनाले एकातिर हामीलाई आरोप लाग्या छ । उपभोक्ता समिति उनिहरु बनाइदिदैनन अनि हामीले बनाएर उपभोक्ता समिति बनाउदा त्यहा सेटिङ शुरु भैगो भन्न शुरु गरिहाल्छन कुनै योजनालाई अलि बढ्ता हेर्नेहो भने यो माननीयको त ध्यान बढ्ता गयो अझ प्रशेन्ट बढाउदै जान्छन् ३० सम्म पुऱ्याइसके प्रशेन्ट त्यसो हुनाले मेरो आग्रह के हो भने अब फुर्सदिला काम साउन पछि गरौला साउन पछि गाउ घुम्ने, गोष्ठि गर्ने, सेमिनार गर्ने के के गर्ने हो त्यो गरुला तर अबको ४० दिन गनेर सबै सरकारका सबै मेशिनरिहरु आफ्नो अफिसमा बस्ने र यि गोष्ठि सेमिनार अत्यन्त महत्वपूर्ण छन् भने जाऔ नभए मैले आजको मितिमा धेरै नै अफसरहरु विभिन्न गोष्ठि र सेमिनारमा देखिराछु । अनि एउटा अफसरका कारणले आज काम रोकिन्छ त्यो मान्छे आईपुग्दा सम्म अर्को गईसक्या हुन्छ । अर्को को पनि गोष्ठि हुन्छ मैले यो आलोचना गर्या होईन मेरो आग्रह के हो भने हामी एउटै डुंगामा छौ अहिले एउटा बहस चलिराछ प्रदेश यो विच्चैमा आएको प्रदेशको आवश्यकता छ कि छैन भनेर केन्द्रले पनि आवश्यकता देखिराछैन, स्थानीयले झनै आवश्यकता देखिराछैन र हामीले भनेका उपभोक्ता समिति देखि योजना कार्यान्वयन नगरिदिने मैले त कतिसम्म पर्यास गर्याछु भने मैले स्थानीयत तहलाई सबै योजनाको पैसा तपाईको खातामा आउने गरेर तपाईले निर्णय गरिदिनुपर्यो भन्दा पनि गरिदिएन अनि त्यस पछि अहिले त्यो उपभोक्ता समितिमा माननीयहरुको अलिकता इनिसेसन र सक्रियता रहने वित्तिकै प्रशेन्ट १०, २० भन्ने खालको स्थिति छ त्यसो हुनाले मैले सभामुख मार्फत यो कुरा सरकारको ध्यानाकर्षण गराउन चाहान्छु । धन्यवाद ।

**माननीय मान बहादुर धामी :-** माननीय सभामुख महोदय, चौथो अधिवेशनको आर्थिक बर्ष २०७६।०७७ को सिद्धान्त, उद्देश्य, प्राथमिकता र प्रमुख नीतिको विषयमा हामी दफावार छलफलमा छौ । सबै भन्दा पहिले त आर्थिक मामिला तथा योजना मन्त्रालयले जुन सुदूरपश्चिम प्रदेश सरकारको एउटा नीति र कार्यक्रमको पूर्व सन्ध्यामा नीति तथा कार्यक्रमको लागि एउटा वेश यो गरिमामय सदनमा प्रवेश गरेको छ, प्रस्तुत गरेको छ त्यसको लागि सुदूरपश्चिम प्रदेश सरकार, आर्थिक मामिला तथा योजना मन्त्रालयलाई विशेष धन्यवाद दिन चाहान्छु । माननीय सभामुख महोदय, सुदूरपश्चिम प्रदेश सरकार र नेपालको संविधान जारी भैसकेपछि सुदूरपश्चिम प्रदेश सरकारले औपचारिक रुपमा दोस्रो बजेट अधिवेशनको तयारि गरिराखेको छ । र खास गरेर आर्थिक बर्ष २०७६।०७७ को नीति तथा कार्यक्रमको लागि उद्देश्य, लक्ष्य र नीतिगत सवालहरुमा हामी सदनमा दफावार छलफलमा छौ त्यसो हुदा खेरि खास गरेर सुदूरपश्चिम प्रदेश सरकारले आगामी नीति तथा कार्यक्रमलाई अगाडि जुन नेपाल सरकारको लक्ष्य छ । सुखि नेपाली समृद्ध नेपालको जुन एउटा अभियान नेपाल सरकार संघीय सरकार लागिरहेको छ त्यसको एउटा वेशको रुपमा सुदूरपश्चिम प्रदेश सरकारले पनि यो नीति तथा कार्यक्रमलाई अगाडि बढाउनु पर्छ भन्ने म यहा चाहि आफ्नो धारणा प्रस्तुत गर्न चाहान्छु । माननीय सभामुख महोदय, हामीले विगतमा आर्थिक बर्ष २०७५।०७६को नीति तथा कार्यक्रम र बजेट पनि विनियोजन गरेका थियौ । त्यसो हुदा खेरि अहिले यहा सम्म आउदा खेरि त्यसको कार्यान्वयनको प्रक्रियामा हामी छौ । त्यसको प्रभावकारी कार्यान्वयन र त्यसको मुल्यांकन अनुगमन र त्यसले आम सुदूरपश्चिम प्रदेशमा पार्ने प्रभावको बारेमा हामी संग संगै समिक्षा पनि गरिराखेका छौ कार्यान्वयनको चरणमा पनि छौ त्यसो हुदा

खेरि माननीय सभामुख महोदय, खास गरेर सुदूरपश्चिम प्रदेशको चाहि भाग्य र भविष्यको फैसला गर्नेको सन्दर्भमा नीति र कार्यक्रम लक्ष्यहरु हेर्दा खेरि स्वभाविक रुपमा भोली सुदूरपश्चिम प्रदेश सरकारले ल्याउने नीति कार्यक्रमको लागि हामीले कस्तो खालको अवधारणा तयार गर्दै छौ, कस्तो खालको बहस र छलफल अगाडि बढाउदै छौ भन्ने सन्दर्भमा नितान्त यो बहस अत्यन्त जरुरी आवश्यक हो । यो विधेयक जुन विधेयक यो सदनमा दर्ता भएको छ र हामी दफावार छलफलमा पनि छौ । त्यसो हुदा खेरि नेपाल सरकारले राखेको लक्ष्य अनुसार हामी सुदूरपश्चिम प्रदेशमा रहेको गरिबीलाई न्यूनीकरण गर्न सक्छौ कि सक्दैनौ त्यसको लक्ष्य प्राप्ती गर्न सक्छौ कि सक्दैनौ भन्ने कुराहरु हाम्रो अगाडि ठुलो चुनौतिको रुपमा छ । समग्र रुपमा सैद्धान्तिक रुपमा हेर्नेहो भने हामीले हाम्रो राष्ट्रको राष्ट्रिय पूजीलाई संरक्षण गरेर परिचालन गर्ने कुरालाई महत्वपूर्ण स्थान दिन हामी सक्छौ कि सक्दैनौ र विदेशी पुजीलाई निरुत्साहित पार्न हामी नीति तथा कार्यक्रमले सम्बोधन गर्न सक्छ कि सक्दैन भन्ने कुरा हाम्रा अगाडि अहिले पनि चुनौतिको रुपमा छन् । अहिले यसो हेर्दाखेरि हामी सँग राजनैतिक परिवर्तन भयो, सामाजिक परिवर्तन भयो तर चाहि आर्थिक रुपमा जो परिवर्तन हुनुपर्ने थियो ती संरचनाहरु चेन्ज हुनुपर्ने थियो त्यो पुरानै संरचनाहरुमा हामीले यो अवस्थालाई, यो व्यवस्थालाई हामीले परिचालन गरिराखेको हुदा खेरि आर्थिक रुपमा जब सम्म चाहि सामाजिक रुपमा रुपान्तरण हुदैन तब सम्म सरकार र सम्पूर्ण जनताहरुको व्यवस्था परिवर्तन हुदैन भन्ने कुरालाई चाहि नीति र कार्यक्रम मार्फत हामीले अगाडि बढाउन सकेनौ भने हाम्रा सब भन्दा ठुलो चुनौतिको समस्याहरु यहिनिर देखिन्छन् । त्यसलाई मध्येनजर गर्दै हामीले खास गरेर आगामी नीति कार्यक्रममा यो विषय बस्तुहरुलाई मध्येनजर गर्दै वितरण मुखि अर्थतन्त्रलाई हामीले सबभन्दा पहिली रोक्नुपर्छ हामीले विगतमा पनि भनेका थियौ हामी उत्पदनमुखि अर्थतन्त्रको विकास गर्न नसक्दा खेरि केहि विचौलियाहरु, केहि दलालहरु र केहि पूजीपतिहरुको जन्म हुदैछ र जुन आधारभुत बर्ग हो त्यो वर्ग जहाको त्यहि बसेको छ भन्ने कुरामा हामीले जोड दिएका छौ, जोड दिएका थियौ तर पनि प्राक्टीकल्ली जादा खेरि व्यवहार्थ जादा खेरि फेरी उहि पुरानै रिडिघुमि रुम्भाटार भने जस्तै हामी चाहि फेरी पुरानै ढर्रामा फर्किने अवस्था जो देखा पर्यो यसले गर्दाखेरि हामी सुखि नेपाली र समृद्ध नेपालको चाहि जुन परिलक्ष्य जुन राखेको छ नेपाल सरकारले त्यसलाई हामी चाहि पच्छ्याउन नसकिराखेको हो कि भन्ने अनुभुति मलाई पनि भएको छ । माननीय सभामुख महोदय त्यस कारण आउदो बर्षमा जसरी सैद्धान्तीक रुपमा हामीले विगतको जस्तो सानोतिनो समस्याहरुमा रुपल्लीने हैन अब प्रदेश सरकारले हामी सँग तीनवटा सरकारको परिकल्पना छ । संघीय सरकार, प्रदेश सरकार र स्थानीय तहको सरकार जति हामीलाई नीतिगत रुपमा, सैद्धान्तीक रुपमा संविधानले प्रदत्त गरेको अधिकार छ त्यो अधिकारमा मात्रै रहेर प्रदेश सरकारले पनि काम गर्नुपर्यो बाँकी कामहरु स्थानीय तहको सरकारमा करोडौको बजेट छ त्यो व्यवस्थापन गर्नुपर्यो । प्रोजेक्टहरु मात्रै प्रदेश सरकारले कार्यान्वयन गर्ने व्यवस्था लग्न सक्यौ भने मात्रै हामी अगाडि बढ्न सक्छौ । खास गरेर सुदूरपश्चिम प्रदेशको चाहि नीति तथा कार्यक्रम बनाउदा खेरि म सुदूरपश्चिम प्रदेश सरकारलाई विशेष ध्यानाकर्षण गर्न चाहान्छु । यहाको कृषि, यहाको जल, यहाको खनिज, यहाको जंगल र जडिबुटी यि चारवटा विषयबस्तुहरुलाई मुख्य आधार बनाएर हामी अगाडि बढ्न सकेनौ भने हामी फेरी पुरानै ढंगले अगाडि बढ्नु पर्ने अवस्था र दुईचार सय मिटर पायप, दुइचार सय मिटर सिंचाई र कुलो, दुइचारसय ट्युवेल यो अवस्थामा हामी रुमल्ली राख्नेहो भने हामी समृद्ध नेपालको परिकल्पनालाई साकार पार्नको लागि हामी असफल हुने खतरा यहिनिर मैले देखिराखेको छु त्यसो हुदा खेरि चाहि मुलकुरा चाहि वितरणमुखि

योजनालाई हामी रोकौ बजेटलाई हामी रोकौ र उत्पादनमुखि कार्यक्रमहरु कसरी ल्याउन सक्छ भन्ने कुरामा चाहि प्रदेश सरकारको चाहि विशेष ध्यानाकर्षण गराउदै विदा हुन्छु धन्यवाद ।

माननीय अमर बहादुर साउँद :- माननीय सभामुख महोदय, हाम्रो देश लामो समय सम्म केन्द्रिकृत शासन प्रणालीबाट गुज्रिदै सबैको साझा योगदान र बलिदानबाट संघर्षशिल हुदै संघीय लोकतान्त्रिक गणतन्त्र सम्म आईपुगेको छ जसले संवैधानिक व्यवस्था अनुसार तीन तहको सरकार र तीन तहका आ-आफ्ना अधिकारक्षेत्रहरु तय गरेको छ जस अर्न्तगत जसको अधिनमा रहेर हाम्रो प्रदेश सरकार सुदूरपश्चिम प्रदेश आर्थिक मामिला तथा योजना मन्त्रालयले आगामी आर्थिक बर्ष २०७६।०७७ का लागि विधेयकको सिद्धान्त, उद्देश्य, प्राथमिकता र प्रमुख नीतिहरु जुन हाम्रो सदनमा छलफलका लागि टेबुल गरेको छ यसका लागि प्रदेश सरकारलाई म अत्यन्त धन्यवाद दिन चाहान्छु किन भने यो विधेयक सरसरती हेर्दा यसले सबै क्षेत्र, सबै कुराहरुलाई समग्र समेटेको जस्तो मलाई अनुभुति भएको छ तर मलाई के लाग्छ भने यो जुन विधेयक छ यो कुनै एउटा साहित्यीक दर्शन अथवा ग्रन्थ होईन यसलाई हामीले यहाको बस्तुस्थिति जुन हाम्रो प्रदेशको भौगोलिक बनावट हिमाल, पहाड, तराई त्यसै गरि यहा विभिन्न खालको उर्भर भुमि, विभिन्न जलस्रोतको सम्भावना, त्यसैगरि देशकै सबै भन्दा बढी जंगल क्षेत्र ६५ प्रतिशत जुन जंगल छ यि चिजलाई हामीले सदुपयोग गरेर राम्रोसँग परिचालन गर्न सकेपछि र जुन यो विधेयक अथवा यो नीतिगत कुराहरु जुन यो बजेट पूर्वको छलफल छ यसले आगामी दिनमा आउँने जुन नीति तथा कार्यक्रम त्यहि अनुसारको बजेटको तादम्यता हामीले मिलाउन सकेपछि मात्रै यो छलफलको यो जुन आर्थिक मामिला तथा योजना मन्त्रालयले जुन विधेयकको सिद्धान्त, उद्देश्य र प्राथमिकताका कुराहरुमा आज जे जति हामीले यहा विषय र चर्चा परिचर्चा दियौ त्यसको एउटा निश्कर्ष निस्कने र यसले समग्र यो प्रदेशलाई सकारात्मक बाटोमा डोऱ्याउने कुरामा हामी सबैको ध्यान जानुपर्छ यसका लागि विशेष गरि विगतका कमिकमजोरी यो प्रदेश सरकारका तर्फबाट हाम्रो बजेट विनियोजनमा र हाम्रो नीति तथा कार्यक्रममा के कति भए र कार्यान्वयनको क्षेत्रमा के कति कमीकमजोरी भए यिनिहरुलाई गम्भिर ढंगले समिक्षा गर्दै जहा सम्म नीति तथा कार्यक्रमकै अवस्थामा आईपुग्दा गतबर्षको जुन नीति तथा कार्यक्रम सम्मको जुन प्रक्रिया र कार्यक्रम थियो त्यो पनि अत्यन्त राम्रो थियो जब बजेट विनियोजनको अन्तिम चरणमा आईपुग्दा त्यसले केहि हाम्रा बीचमा चाहे सत्तापक्ष, चाहे प्रतिपक्ष समग्र यो सदनका माननीयज्यूहरुको विचमा एकखालको कन्टाडेक्शनको स्थिति शुरुवात भएको थियो । त्यसैले म प्रदेश सरकारलाई पुनः के पनि सुझाव दिन चाहान्छु भने त्यो विगतको जस्तो कमिकमजोरी आगामी आर्थिक बर्षमा अब नरहोस र यो अहिलेको छलफल यसपछि आउँने नीति तथा कार्यक्रम र त्यसपछि आउने जुन बजेट विनियोजनलाई तादम्यता मिलाउदै हामीले समग्र यो प्रदेशको जुन गरिबी, यहाको पिछडापन जो यस भन्दा अगाडिका संघीय सरकारले र सिंगो केन्द्रिकृत राज्यप्रणालीलाई सुदूरपश्चिमलाई हेर्ने जुन दृष्ट्रिकोण र यहाका जुन जनताहरुले त्यो बाट जुन खातको असमानता र एक खालको अपहेलित हुनुपरेको परिस्थितिलाई हामीले यि सबै कुराहरु र हामी साझा एजेण्डा बनाएर अगाडि बढ्न सकेका खण्डमा मात्रै हाम्रो आगामी आर्थिक बर्षको बजेट र हाम्रो सरकारले लिएको जुन नीति समृद्ध नेपाल शुखी नेपालीको जुन नारा यो सफल हुने कुरामा हामी विश्वस्थ

छौ र त्यतातिर हाम्रो सिंगो प्रदेश सरकारको ध्यान जानुपर्छ भन्ने मेरो आफ्नो सुझाव राख्दै विदा हुन्छु हवस त नमस्कार धन्यवाद ।

माननीय सुशिला बुढाथोकी :- माननीय सभामुख महोदय, सर्वप्रथम त म सोमबार दिउसो २:०० बजे धनगढीबाट फुलवारीतर्फ गइरहेको ट्याक्टर दुर्घटना हुदा धनगढी उपमहानगरपालिका वडा नं.४ का ट्याक्टर चालक राजु चौधरीको मृत्यु भएको छ मृतकप्रति श्रद्धाञ्जली व्यक्त गर्न चाहान्छु सभामुख महोदय, आर्थिक बर्ष २०७६।०७७ को विनियोजन विधेयकको सिद्धान्त, उद्देश्य, प्राथमिकता र प्रमुख नीतिमाथि हामी छलफल गर्न गईरहेका छौ । र यस नीति माथि छलफल गरिरहदा यसमा लेखिएको बुदागत मैले सबै अध्ययन गरेकी छु । र मैले अध्ययन गरिरहदा यहा यसो सरसरर्ती हेर्दा सबै कुराहरु राम्रो लेखिएको छ । सबै कुराहरु राम्रो प्रभावकारी ढंगबाट लेखिएको देखेकी छु तर पनि हाम्रो यस कागजमा मात्रै यि कुराहरु सिमित नराखिकन व्यवहारमा उतार्न जरुरी हुन्छ किन भने सबै कुराहरु हामीले आगामी बर्ष पनि नीति तथा कार्यक्रमहरु यसरी नै लेखेका थियौ र आगामी गतबर्षको कार्यक्रम नीति तथा कार्यक्रममा यस्तै कुराहरु लेखिएका थिए र गत सालको नीति तथा कार्यक्रमहरुको समिक्षा सरकारले गर्नुपर्छ । किन भने गत साल नीति तथा कार्यक्रममा लेखिएको सबै कुराहरु चाहि हामी गर्न सक्यौ कि सकेनौ र हामीले लेखेका कुराहरु जनता सामु हामीले बाचा गरेका कुराहरु पुऱ्याउन सक्यौ कि सकेनौ भन्ने कुराहरु हामीले चाहि मुल्यांकन गर्नुपर्छ र अहिले यि नीति तथा कार्यक्रममा भएका कुराहरु धेरै राम्रा भएता पनि केहि कुराहरु हामीले सुझाव दिन पर्ने हुन्छ र मैले पनि यस रोष्टमबाट केहि सुझाव दिन गइरहेकी छु सभामुख महोदय, हाम्रो हामीले कृषिलाई चाहि आधुनिकरण गर्ने भन्ने कुरा छ र किशानहरुलाई कृषि प्रधान  देश हो कृषिलाई आधुनिकरण गर्ने कुरामा म के भन्न चाहान्छु भने कृषिमा पनि दुई किसिमको हुनुपर्छ जस्तो कि एउटा साना किसान र साना किसानको लागि सिंचाइको व्यवस्था, र बेलामा विउ, मलको व्यवस्था हुनुपर्छ र समयमा डिजलको अभाव हुन्छ र उनिहरुलाई साना सिंचाई गर्नुपर्ने हुन्छ र डिजल चाहिएको कारणले गर्दा यस्ता चिजहरुको पनि व्यवस्था गर्नु पर्छ र ठुला किसानहरुको लागि अब ठुल ठुला यन्त्रहरुको व्यवस्था गरि आधुनिकरण गरि कृषि उपज गर्नुपर्ने र ठुलठुला योजनाहरु पनि विस्तार गर्नुपर्ने हुन्छ र कृषिमा नै हाम्रो कृषकहरुलाई हाम्रो सरकारले कृषि सरकार खोज्दै साना किसानहरु खोज्दै कृषकहरु गएर साना किसानहरुको समस्या बुझियोस अहिले मैले के देखिरहेको छु भने कृषिमा धेरै योजनाहरु छ तर ती पहिलाका पुराना ढाचामा पहिलाका पुराना विधि अनुसारले ती किशानहरुले ती जुन बास्तविक किसानहरु छन् तिनले नपाएर जुन चाहि सधै भरी त्यहि पेशा गरिरहेको मान्छेहरुले कृषिको कार्यक्रमहरु लगिएको छ त्यस्तो किसमको चाहि नहोस भन्न मैले यो नीति तथा कार्यक्रममा त्यस्ता दुई खालको नीति राखियोस भन्न चाहान्छु र एउटा बेरोजगार युवाहरुको पहिलो साल पनि बेरोजगार युवाहरुको बारेमा नीति तथा कार्यक्रममा धेरै राम्रा कुराहरु आएका थिए ती पनि सम्भव भएन र अहिले पनि युवाहरुलाई स्वरोजगार बनाउनको निम्ती कति युवाहरुलाई बनाउने हो र कसरी बनाउने हो ती कुराहरु डाटागत रुपमा नै आउदा खेरि राम्रो हुन्छ भन्ने कुरा म राख्न चाहान्छु र सरकारी विद्यालयहरुको बारेमा म के भन्न चाहान्छु भने सरकारी विद्यालयहरुको अवस्था सारै नै दयनिय भैरहेको छ त्यस्तो सरकारी विद्यालयहरुलाई कसरी चाहि जोगाउने हो भन्ने कुरा चाहि यो कार्यक्रम नै बनेर आउनुपर्छ अहिले मैले यसमा यसो एउटा पौष्टिक आहारको कार्यक्रम ल्याएको रहेछ त्यसमा पनि केहि सम्म केहि बालबालिकाहरुलाई त्यस्ता चिजहरु दिएर पनि विद्यालयमा आउने बाताबरण बन्छ जस्तो मलाई लागेको छ सरकारी विद्यालयमा सबै भन्दा ठुलो पिडादायि

चाहि विद्यार्थीहरु नै सकिएर समाप्त हुने अवस्था छ यसलाई रोक्नलाई नीति नै बनाएर आउनुपर्छ जस्तो मलाई र अर्को कुरा महिलाहरुको कुरा महिलाहरुलाई चाहि सक्षम बनाउनका लागि सरकारले पहिले देखि महिलाहरुको नीति बनाएको छ नीतिहरु नै राखिनुपर्छ महिलाहरुलाई सक्षम बनाउनलाई महिला उद्याशिल बनाउनुपर्छ र सरकारले महिलाहरुलाई उद्यमशिल बनाउन नीतिहरु नै तय गरेर ल्याउनुपर्छ र अर्को कुरा म के भन्न चाहान्छु भने एउटा यो हाम्रो सांसद क्षेत्रविकास कोष भनिएको छ त्यसमा चाहि यो सांसद सांसद  बीच विवाद भएको छ एउटा प्रत्यक्ष र अर्को समानुपातिकले गर्दा खेरि हामी जनतामा गएर पनि जनताले हामीलाई दोस्रो दर्जामा देख्ने यो चाहि फलना माननीयज्यूले राखेको बजेट हो यो फलना माननीयज्यूको भन्ने खालको जनताहरुको हेर्ने नजर फरक भएको छ त्यस कारणले गर्दाखेरि अब आउने दिनमा यस्तो विभेदकारी नहोस मैले यो कुरा पनि भन्न चाहान्छु र समग्रमा यो नीति यो सिद्धान्त, उद्देश्य चाहि सारै राम्रो आएको छ । मेहनतका साथ ल्याएको छ त्यस कारणले गर्दा म सरकारलाई धन्यवाद दिदै म मेरो भनाई यहि अन्त गर्दछु । धन्यवाद ।

माननीय मना कुमारी साउँद :- माननीय सभामुखज्यू बजेट पूर्व बजेट छलफल, सिद्धान्त, उद्देश्य, प्राथमिकता र प्रमुख नीतिको विषयमा हामी छलफलमा छौ र यस विषयमा गत बर्षमा पनि साहेद मलाई लाग्छ नीति, सिद्धान्त, उद्देश्य र प्राथमिकता साहेद मलाई लाग्छ हिजो गतबर्ष पनि कुनै यो उसमा त्रुटिहरु थिएन साहेद अहिले पनि सम्पूर्ण हाम्रो समाजमा गरिबी छ अशिक्षा छ सिमान्तकृत जनताहरु सरकार राज्यको पहुचबाट टाढा छन् र हाम्रो समाजमा विभिन्न किसिमको विकृति, विसंगति छ, गरिबी छ, भोकमरी छ अनि शिक्षामा गुणस्तर छैन विभिन्न खालका मानवीय जिवनमा हुने जतिसुकै आधारभुत आवश्यकताहरु छन् ति आवश्यकताहरुलाई परिपूर्ति गर्नको निमित्त जुन १ नं. देखि ५६ नं. सम्म यो नीति तथा सिद्धान्त, प्राथमिकता छ यो मलाई लाग्छ यो सबै हाम्रा जनताका आधारभुत आवश्यकताहरुलाई सम्बोधन गरेको छ भन्ने मलाई लाग्छ यहा विभिन्न खालका हिजोका बजेटका, आजका, भोली हुने कुरा यहा छलफल, बहस, समिक्षाको कुरा आयो मलाई लाग्छ यो विषयबस्तुमा र यो विधेयकमा केन्द्रित रहेर हामीले कुरा गर्नुपर्नेहुन्छ । त्यसैले यि सम्पूर्ण आधारभुत आवश्यकताहरुलाई परिपूर्ति गर्नका निमित्त हामी सबैले सुन्दर समाज निर्माण गर्न चाहेका छौ । हामी सबैले जनताका आधारभुत आवश्यकतालाई पुरा गर्न खोजेका छौ त्यसैले विधेयकलाई सबै भन्दा ठुलो कुरा नीति आएको छ नीति भन्दा पनि ठुलो कुरा मुख्य कुरा कार्यान्वयन पक्ष हो यो कार्यान्वयन पक्षलाई हामीले प्रभावकारी बनायौ भने साहेद हामीले जनताको विचमा एउटा खालको प्रतिवद्धता र जनताको विचमा हामीले  जुन खाएका बाचा कसम छन् ती बाचा कसम परिपूर्ति हुन्छन् र जनताका आवश्यकताहरु सबै पुरा हुन्छन् भन्ने मलाई लागिरहेको छ र यति हुदा हुदै पनि हामीले साहेद मलाई लाग्छ सुदूरपश्चिमको यो महिलाहरुको कुरा जुन छाउपडि पर्था एउटा विशेष अभियान संचालन गर्ने पहाडि जिल्लामा भन्ने कुरा छ यसमा समग्रमा अहिले पछिल्लो चरणमा सब्बै ठाउमा छाउपडि पर्था छ, छाउपडि गोठ छ भन्ने कुराहरुमा म यसमा पूर्ण रुपमा सहमत छैन कतिपय ठाउमा अहिले तीन तहको सरकार छ स्थानीय तह पनि लागि रहेको छ यसमा तथ्यांक संकलन गर्ने कति मान्छे घरभित्र बस्छन, कति मान्छे बाहिर बस्छन कहा अभियान संचालन गर्ने, जनचेतना छैन, छाउगोठमा बस्यो भने मान्छेलाई असर गर्छ स्वास्थ्यमा असर गर्छ अनि यो बस्नु हुदैन भन्ने कुराहरु सबैलाई थाहा छ र

त्यो सँग सँगै कानून बनेको भन्ने कुरा पनि थाहा छ त्यति थाहा पाउदा पाउदै अनि हामी किन गरिरहेका छौ यो जनचेतना नभएको होईन जनचेतना छ अब कानूनी कारवाहीमा जानुपर्छ । यसको जिम्मा अब कुनै संघ संस्था अन्यले मात्र होईन उहाहरुलाई हातेमालो गरेर लिनेहो यसको जिम्मा प्रदेश सरकारले गर्नुपर्छ र कतिपय ठाउँमा यस्ता समस्याहरुलाई एउटा अभियानको रुपमा हामीले लैजानुपर्ने हुन्छ र मुख्यकुरा यहा हामीले उद्योग, कलकारखाना व्यवसायि र विभिन्न खालका उद्यमशिल कार्यक्रमहरुलाई अगाडि बढाउनुपर्ने छ र सँगै हामीले बेरोजगार युवाहरुलाई रोजगार दिने कुराहरु जो छ अहिले विदेशमा जो हाम्रा युवाहरु प्लायन भएका छन् ती युवाहरुलाई स्वदेश ल्याउने जुन नीति कार्यक्रम छ यो कार्यक्रम एउटा नीतिमा मात्र सिमित हुनु भएन यसलाई कार्यान्वयन पक्षमा एउटा प्रभावकारी ढंगले कार्यान्वयनमा लैजानुपर्छ भन्ने म सरकारलाई सुझाव दिन चाहान्छु र अर्को कुरा जुन हाम्रो नेपालको दक्ष जनशक्ति जो कृषिमा एउटा विशेषज्ञ जुन हामीलाई एउटा कृषि दक्ष जनशक्ति उत्पादन गरेका व्यक्तिहरु छन् आज नेपालमा छैनन उहाहरु विदेशमा हुनुहुन्छ विभिन्न खालका जनशक्तिहरु आज विदेशमा छ अब हामीले ती विदेशमा गएका दक्ष जनशक्तिलाई नेपालमा ल्याउनु पर्छ हाम्रा लाखौ युवाहरुलाई यहि रोजगारी दिनको निमित्त यहि सिप दिनको निमित्त उनिहरुको एउटा बुद्धि, विवेक व्यवहारमा लागु गर्नको निमित्त नेपालमा हामी ल्याउने यो पहल सरकारले गर्नुपर्छ सुदूरपश्चिमको प्रदेश सरकारले मात्र हैन स्थानीय सरकारले मात्र होईन कि हामीलाई एउटा चुनौतिको विषय छ संघीय सरकारले एउटा मुख्य यसको पहल गर्नुपर्ने हुन्छ र सुदूरपश्चिमलाई एउटा हरेक ठाउबाट गरिबीबाट उन्मुख गराउनको निमित्त, सुन्दर समाज निर्माण गर्नको निमित्त सुदूरपश्चिमलाई गास, बास, कपासको ग्यारेन्टि गर्नको निमित्त हामीले यो लक्ष्य उद्देश्य देखेका छौ मलाई लाग्छ यो एउटा विधेयकले पनि यो लक्ष्य, उद्देश्य बोकेको छ यो लक्ष्य उद्देश्य बोकेको यो विधेयकले साहेद यो कार्यान्वयन भयो भने हामी सबैका र हाम्रा जनताहरुका सम्पूर्ण हिमाल देखि तराई, पहाड सम्पूर्ण पछाडि परेका बर्गहरुलाई समावेश यो विधेयकले गरेको छ यसले कार्यान्वयन गराउनको निमित्त हामी जाऔ र एउटा कुरा यो हामी पटक पटक हामी भनिराखेका छौ हिजोको दिनमा पनि हामीलाई लागि हेको विषय हाम्रो माननीयज्यू अन्य मित्रहरुले पनि भन्नु भयो यो महिला र पुरुष प्रत्येक्ष र समानुपातिक अलिकति जनताको हेर्ने दृष्टिकोण फरक भएको छ यसमा समान गर्नको निमित्त म सरकारलाई सुझाव दिन चाहान्छु क्षेत्र विकास कोष भन्दा पनि यसलाई सांसद विकास कोष भनेर महिलाहरुलाई पनि सम्बोधन हुने गरि, सम्मान हुने गरि गर्नुपर्छ र हामी सबैले महिलाहरुको, गरिबहरुको, युवाहरुको सबैको भलो गर्न चाहेका छौ हामीले समाजको विकास गर्न चाहेका छौ । हामीले सुन्दर सुदूरपश्चिम निर्माण गर्न हामीले चाहेका छौ यो सबै कुरालाई निर्माण गर्न हामीले हातेमालो गर्दै हामी अगाडि बढ्नु पर्छ यो विचारका साथ सैद्धान्तिक मान्यताका साथ अगाडि बढ्यौ भने साच्चिकै हाम्रा आवश्यकता, लक्ष्य र उद्देश्य पुरा हुन्छ भन्ने कुराहरु राख्दै म विदा हुन्छु धन्यवाद ।

*(बोलि सकेपछि)*

३. **माननीय सदस्यहरु,**

आ.व.२०७६।०७७ को पूर्व बजेट छलफलका लागि तयारी दस्तावेज माथि छलफल गर्न निर्धारण गरिएको आजको समय यही समाप्त हुन्छ ।

४. **माननीय सदस्यहरु,**

आर्थिक मामिला तथा योजना मन्त्री मा० झपट बहादुर बोहरा द्वारा प्रस्तुत गरिएको पूर्व बजेट छलफलका लागि तयारी दस्तावेज माथिको बाँकी छलफल २०७६ साल जेष्ठ ८ गते बुधबार दिनको २:०० बजे देखि हुने भएकोले उक्त समय सम्मको लागि बैठक स्थगित भएको घोषणा गर्दछु ।